सूचना प्रविधि उद्यमी र विज्ञसंग प्रधानमन्त्री..... | पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २३७ • २०८१ साल माघ ९ गते बुधवार (22 January, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## प्रचण्डसँग बिच्किएका यादव ओली नजिक

टुडे समाचारदाता

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसंग नराम्ररी बिच्किएका छन् ।

> प्रचण्ड नेतृत्वकै सरकारमा आफू पनि मन्त्री भएको बेलामा शक्तिको दुरुपयोग गरी आफ्नो दल विभाजन गराएको भन्दै यादव प्रचण्डसंग अब सहकार्य नगर्ने निष्कर्षमा पुगेका छन् ।

उनी विपक्षी दलहरुको मोर्चामा प्रचण्डकै कारण सहभागी नहुने जनाएका छन् ।

प्रचण्ड नेतृत्वकै सरकारमा आफू पनि मन्त्री भएको बेलामा शक्तिको दुरुपयोग गरी आफ्नो दल विभाजन गराएको भन्दै यादव प्रचण्डसंग अब सहकार्य नगर्ने निष्कर्षमा पुगेका छन् ।

उनले आफूनिकट नेताहरुसंग पनि प्रचण्डले आफूलाई पछाडिबाट छुरा हानेकोले अब कुनैपनि हालतमा सहकार्य नगर्ने अडान भन्ने गरेका छन् । पछिल्लो समय यादवलाई फकाउनका लागि माधवकुमार नेपालले पनि पहल गरेका थिए ।

मोर्चाको संयोजकको जिम्मेवारीमा रहेका नेत्रविक्रम चन्दले पनि उनलाई मनाउन निकै प्रयास गरे । माधव नेपाल र विप्लव दुवैले तत्काल यादव समाजवादी मोर्चामा नफर्किने भन्दै प्रचण्डलाई जानकारी गराइसकेका छन् । सरकारविरुद्ध प्रचण्डले खडा गरेको विपक्षी मोर्चामा ८० जना सांसद छन् ।

तर यादवले भने आफू समाजवादी मोर्चा र संसद्को विपक्षी गठबन्धनमा पनि नजोडिने भन्दै प्रचण्डलाई जानकारी गराएका छन् ।

उनी मधेश प्रदेशको सरकारको नेतृत्वका लागि पनि प्रधानमन्त्री केपी शर्मा ओलीसंगको निरन्तर संवादमा रहेको बालुवाटार स्रोतले जनाएको छ । यादवले यसबीचमा भारत भ्रमण पनि गरेका थिए । भारत बसाईको क्रममा उनले अखिलेश यादवसंग भेटेका थिए ।

यादवले एकातिर संविधान पुनर्लेखन र थ्रेसहोल्डको विपक्षमा पनि बोल्ने गरेका छन् भने प्रधानमन्त्री ओलीसंग पनि नजिक भएका छन् ।

### मलको कालोबजारी

## सरकारी गोदाममा रासायनिक मल पर्याप्त, किसानलाई सास्ती

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा रासायनिक मल खादको अभावमा किसान सास्ती भोग्न बाध्य छन् ।

पर्याप्त मात्रामा रासायनिक मल आपूर्ति र भण्डारण रहेको भनेर प्रदेशका मन्त्रीहरुसमेत भाषणवाजी गरे पनि किसानले भने मल खादको समस्याबाट गुज्रिरहेका छन् । किसानहरुले गत कार्तिकदेखि मलको लागि चरम अभाव व्यहोरिरहेका छन् ।

सरकारी गोदाममा मल खादको अभाव छैन । बिक्रेताको गोदाममा पनि मल मौज्दात छ । तर पनि तोकिएको मूल्यमा चाहिएको समयमा किसानले मल पाउन सकिरहेका छैनन् ।

तोकिएको मूल्यभन्दा २५ देखि ३० प्रतिशत अतिरिक्त मूल्यमा भने सो अनुदानित मल सहजै रुपमा फालाफाल पाइरहेको किसानहरु बताउँछन् ।

'अतिरिक्त मूल्य नतिर्ने किसानलाई मल छैन भनेर हप्तौंदेखि बिक्रेताले फर्काउँदै आएका छन्,' सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिकाका किसान उमेश यादवले भने, 'तोकिएको मूल्यमा मैले १० पटकभन्दा बढी धाए पनि स्थानीय बिक्रेताबाट गहुँवालीमा छर्न मल पाइनँ । तर थप पैसा दिएपछि तत्कालै युरिया र डीएपी मल पाइयो ।'

अर्का एक स्थानीय किसानले अहिले कृषि सामग्री कम्पनीको शाखा कार्यालयका मिलेमतोमा बिक्रेताहरुले मलको अभाव सिर्जना देखाएर मनलाग्दी मूल्य तोकेर बिक्री गरिरहेका छन् ।

सरकारी गोदाम र सहकारीका गोदाममा मल थन्काएर तोकिएको मूल्यमा किसानलाई मल बितरण नगरेको पाइएको छ । तोकिएको मूल्यमा मल उपलब्ध नगराउने सहकारी र कृषि सामग्रीले भने अत्यधिक मूल्यमा चोरबाटोमार्फत किसानलाई रासायनिक मल बिक्री गरिहेका छन् ।



सरकारले डीएपी मलको प्रतिबोरालाई २ हजार २ सय ५० रुपैयाँ तोकेको छ । त्यस्तै युरिया प्रतिबोरालाई ७ सय रुपैयाँ बिक्री मूल्य तोकेको छ । तर अधिकांश किसानले सो मूल्यमा रासायनिक मल खरिद गर्न पाएका छैनन् ।

बिक्रेताले कालोबजारी गरी डीएपी प्रतिबोरा ३ हजार ५ सय र युरिया प्रतिबोरा १ हजार ३ सय रुपैयाँका दरले किसानलाई मल बिक्री गरेको किसानको आरोप छ ।

'सरकारले तोकेको मूल्यमा गहुँमा छर्न बिक्रेताबाट मल पाउन सकिएन,' धनुषाका धनुषाधामका किसान दीपक यादवले भने, 'बढी मूल्य तिर्दा सहजै रुपमा उनीहरुले आवश्यताअनुसार मल उपलब्ध गराए । मलको अभाव सिर्जना गरी अत्यधिक मूल्यमा मल बिक्री भइरहेका छन् ।'

हुन पनि हो, राजविराजमा कृषि सामग्री कम्पनीको गोदाममा पर्याप्त परिमाणमा मल मौज्दात भएपनि किसानलाई जानाजान अभावको समस्या व्यहोर्न बाध्य छन् ।

मल मौज्दात राखेर पनि किसानलाई बिक्री नगरेको भन्दै जनमत पार्टीका अध्यक्ष सीके राउतले सो शाखा कार्यालयमा तालाबन्दी गरेर आन्दोलन नै गरेका थिए । तर पछि मल वितरण गर्ने सहमति अनुसार तालाबन्दी खोलिएको थियो ।

सरकारले रासायनिक मलको प्रत्येक टेण्डरको परिमाणमध्ये १० प्रतिशत वफर स्टकमा राख्नुपर्ने व्यवस्था गरेको छ । वफरको तथ्यांक अपारदर्शी रुपमा राखिएका कारण उक्त स्टकको मल कृषि सामग्री कम्पनीको उच्च अधिकारीको मिलेमतोमा जिल्ला शाखा र बिक्रेताहरुले कालोबजारी गर्दै अत्यधिक मूल्यमा किसानलाई बिक्री गरिरहेको छ ।

बिक्रेताले तोकिएको मूल्यमा बिक्री नगर्दा सीमा क्षेत्रका कतिपय किसानहरु भारतीय बजारबाट चोरी लुकाई मल ल्याएर गहुँ, आलुलगायतका वालीमा छर्न बाध्य छन् ।

मधेशको भूमि कृषिवालीको लागि उर्वर भूमि मानिए पनि यहाँको माग अनुसार निकै कम परिमाणमा मल आपूर्ति हुँदा किसानहरुले अभावको समस्या व्यहोर्न बाध्य छन् ।

मधेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रदेशभरका लागि माग गरिएको तुलनामा २० प्रतिशतमात्रै मल आपूर्ति भएको जनाएको छ ।

सरकारले पछिल्लो ५ आर्थिक वर्षमा रासायनिक मल खरिद गर्नका लागि ८७ अर्ब ३५ करोड ९७ लाख ७३ हजार रुपैयाँ अनुदान उपलब्ध गराएको छ । जसबाट १ करोड २८ हजार किसान प्रत्यक्ष रुपमा लाभान्वित भएको मन्त्रालयले दाबी गरेको छ ।

राष्ट्रिय कृषि गणना २०७८ को प्रतिवेदनको अनुसार कुल किसानको संख्यामध्ये करिब ७ प्रतिशतको दरले ३ लाख ९ हजार किसानले मात्रै सरकारी अनुदान प्राप्त गरेको जनाएको छ ।

सो प्रतिवेदनअनुसार पछिल्लो समयमा देशभर किसान परिवारको संख्या ४१ लाख ३१ हजार छ । सरकारी अनुदानको दायराबाहिर ३७ लाख ४१ हजार किसान परिवार रहेका छन् । यस्ता किसानले अहिलेसम्म राज्यबाट प्रदान गरिने कुनै पनि प्रकारको अनुदान सुविधा लिएका छैनन् ।






# जरलहवागाछीमा छ डिपट्युबेल सञ्चालन हुँदा खानेपानी समस्या हट्यो

जरलहवागाछीमा छ डिपट्युबेल सञ्चालन हुँदा खानेपानी समस्या हट्यो

महोत्तरी । खानेपानीको समस्या खेप्दै आएका यहाँस्थित मटिहानी-६ जरलहवागाछी बस्तीका अग्निपीडितले १० महिनापछि बल्ल राहत पाएका छन् । बस्तीमा सोमबार एकसाथ छवटा डिपट्युबेल सञ्चालनमा आएपछि अग्निपीडितले आफ्नै घरआँगन नजिक खानेपानीको सहुलियत पाएका हुन् । मटिहानी नगरपालिका र रतौली युवा क्लबले जडान गराएका डिपट्युबेल सञ्चालनमा आएका हुन् ।

"आगलागी घटनायता खानेपानीको अप्ठ्यारो थियो", अग्निपीडित बस्तीकी गृहिणी मैमुन खातुनले भन्नुभयो, "आगलागी घटनाको १० औं महिनामा बल्ल खानेपानीको सजिलो भयो ।" सो बस्तीमा गत वैशाख १२ गते बुधबार भएको आगलागीमा एक सय तीन घर जलेर पूरै खरानी बनेका थिए ।

सञ्चालनमा आएका छवटै डिपट्युबेलबाट पानी मज्जाले आएपछि खानेपानी समस्या अन्त्य भएको सो बस्तीकी अर्की गृहिणी हसिना खातुन बताउनुहुन्छ । "ट्युबेलबाट एकदम राम्रो पानी आएको छ, हामीलाई अब ठूलो राहत भयो", उहाँ भन्नुहुन्छ, "यसपालि हामीलाई परेको विपद्बाट मानवता सिद्धिएको रहेनछ भन्ने थाहा पायौँ ।" बस्तीका आगलागीपीडितले खानेपानीको प्रबन्धमा अलि ढिलो भए पनि दुःख परेका बेला टाढाटाढाबाट सहयोग लिएर आउनेको बलमै आफूहरू बौरिएको बताउँछन् ।

"आगलागीमा घरका सामान केही बचेका थिएनन्, तर मनकारीहरूले हामीलाई पिउने र लत्ताकपडा केही कमी हुन दिएनन्, सबै पायौँ", बस्तीकी लखनदेवी पासवान त्यतिखेरको आपत् सम्झँदै भन्नुहुन्छ, "लाग्थ्यो, अब जीवन अगाडि छैन ।" अरु प्रबन्ध मान्छेकै सहयोगले तत्काल जुट्दै गए पनि खानेपानीका लागि भने अलि लामो समय कुर्नुपरेको त्यहाँका बासिन्दाको प्रतिक्रिया छ ।

अग्निपीडित बस्तीमा खानेपानीको प्रबन्धका लागि डिपट्युबेल जडान गर्ने आर्थिक स्रोत जुटाइदिने र सोको पहलकदमी लिइदिने संस्थाप्रति मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले आभार व्यक्त गर्नुभयो । बस्तीका वरिपरि छ ठाउँ जडान भएका डिपट्युबेल सो बस्तीका कुनै पनि घरबाट एक मिनटभन्दा बढीको दूरीमा नरहेका मण्डलले बताउनुभयो ।

आर्थिक स्रोत जुटाइदिने ट्रिङ्गल जेनेरेसन हुमेनिटायर र सोको समन्वय गर्ने रतौली युवा क्लबले अग्निपीडित बस्तीमा आवश्यक थप सहयोगका लागि पहलकदमी लिने प्रतिबद्धता जनाएका छन् । दुवै संस्थाको प्रतिबद्धताले आफूहरूलाई निकै भरोसा जागेको अग्निपीडितहरूको प्रतिक्रिया छ ।रासस

# 'विदेशको ठाउँ काम गरुन्जेलमात्र हुँदोरहेछ'



बरहथवा (। लालबन्दी नगरपालिका-१२ डप्कालीका देवराज पौडेल सानै उमेरमा परिवारलाई खुसी दिन वैदेशिक रोजगारी जानुभयो । खुसी दिन त टाढाको कुरा रोजगारीका क्रममा दुर्घटनामा परेर आधा शरीर नचल्ने भएर स्वदेश फर्किन बाध्य हुनुभयो । उहाँ विगत तीन वर्षदेखि ह्वीलचियरको सहारामा हुनुहुन्छ ।

घरका एकमात्र सहारा उहाँको दुर्घटनापछि परिवारको बिचल्ली भएको छ । २०७७ साल ७ माघमा उहाँ वैदेशिक रोजगारीका सिलसिलामा साउदी अरेबिया जानुभएको थियो । विसं २०७८ पुस २९ को राति कामबाट फर्किएपछि उहाँ साथीसँगै बजार जानुभएको थियो ।

बजारबाट फर्कने क्रममा उहाँले चलाएको गाडी दुर्घटनामा परेपछि उहाँको जीवनले नसोचेको मोड लियो । नेपालमा हुँदा पनि सवारीचालकको काम गर्नुभएका उहाँले विभिन्न निर्माण कम्पनीका टिपर, स्कुल बस चलाउनुभएको थियो । त्यसबाट घरपरिवारको गुजारा चलाउन समस्या भएपछि परिवारको सल्लाहमा उहाँ साउदी पुग्नुभएको थियो ।

"विदेशको ठाउँ काम गरुन्जेलमात्र हुँदोरहेछ", उहाँले भन्नुभयो, "तर दुर्घटनापछि कम्पनीले पनि लापरवाही गरेका कारण मेरो यो अवस्था भयो ।" राति १ बजे दुर्घटनामा पर्नुभएका उहाँलाई प्रहरीले तत्काल अस्पताल पुर्याएको थियो । छ घण्टापछि मात्र होस आयो । बिहान अस्पतालको बेडमा थिएँ, उहाँले भन्नुभयो, "शरीर अररो परेको थियो । हातले पानीको गिलाससमेत नसमाएपछि एक जना नेपाली नर्सले पानी खुवाइदिनुभयो ।"

उहाँको गर्दनमा शल्यक्रिया गरेर स्टिल राखिएको छ । उहाँलाई सुरुमा दुर्घटनामा परेर शरीरमा समस्या भयो, पछि ठिक हुन्छ भन्ने लागेको थियो । तर पछि चिकित्सकले गर्दनको हड्डी भाँचिएको र एउटा नसामा चोट लागेकाले शरीर पहिलाजस्तो नहुन सक्छ भनेपछि छाँगाबाट खसेजस्तै भएको उहाँले बताउनुभयो । "दुई वर्षकी छोरी छाडेर परिवारको खुसी कमाउन गएको थिएँ" अब बाँकी जीवन अरुको सहारामा गुजार्नुपर्ने भएर आएँ", उहाँले भन्नुभयो ।

सुरुमा त अब बाँकी जीवन के हुने ? भन्ने चिन्ताले धेरै सतायो । धेरै रात भोक न निद्रा भएर बिताए । विदेशमा हुँदा सारा एक्लोझै भयो । घर आएपछि श्रीमती र छोरीको अनुहारले निकै समय लखेटिरह्यो । अहिले आफूलाई सम्हाल्ने प्रयास गरिरहेको उहाँले बताउनुभयो । विगतका दिन सम्झँदा उहाँका गला घरिघरि अवरुद्ध हुन खोज्दै थिए । अझै पनि शरीरको अवस्थाअनुसारको कर्म गरेर बाँकी जीवन पनि परिवारको सहारा बन्ने उहाँको ठूलो धोको छ ।

सुरुमा कम्पनीले उपचारमा केही चासो देखाएजसो गरे पनि पछि वास्ता गर्न छाडेको उहाँको भनाइ छ । "नौ महिनासम्म कम्पनीले बेवारिस अवस्थामा अस्पतालमा छाड्यो, शरीर चल्दैन थियो । अरुले ओल्टाइपल्टाइ गर्नुपर्ने अवस्था थियो । नर्सहरू दिनमा एक वा दुईपटकमात्र आउने गर्थे । औषधि दिएर जान्थे । खाना ल्याएर राखिदिन्थे । हातसमेत नचलेर खान सक्दिनँ थिए । कोही आउने आशमा बस्नुपर्यो", उहाँले भन्नुभयो ।

कम्पनीले वास्ता गर्न छाडेपछि, औषधि नगर्ने भए मलाई घर पठाइदेउ भनेर कम्पनीमा भने, तर कम्पनीले वास्ता गरेन । हारगुहार गरेपछि युकेमा रहनुभएका भान्जाको प्रयासमा दूतावासका कर्मचारीले कम्पनीलाई ताकेता गरे । त्यसपछि कम्पनीले अस्पतालबाट निकालेर १५ दिनपछि नेपाल पठाइदियो । सुरुमा आफूले साउदीस्थित नेपाली दूतावासमा धेरैपटक अनुनयविनय गर्दा पनि वास्ता नगरेको उहाँको दुखेसो छ ।

उहाँलाई समयमै अस्पतालबाट उद्धार गरेको भए शरीर केही भाग चल्थ्यो कि भन्ने चिन्ताले अहिले पनि सताइरहन्छ । बिरानो देशमा अस्पतालमा काटेको नौ महिना एक युगजस्तो लागेको उहाँको अनुभव छ । नेपाल आएपछि परिवारले उहाँलाई सिधैं अर्थोपेडिक अस्पताल जोरपाटी काठमाडौँ पुर्याउनुभयो । त्यहाँ तीन महिना बसेर उपचार गर्दा पनि कुनै सुधार नभएपछि घर आएको उहाँको भनाइ छ । अस्पतालमा गर्ने गरेका केही कसरत उहाँ घरमा पनि नियमित गरिरहनुभएको छ ।

आफू आधा शरीर नचल्ने भएर अरुको सहारामा उठ्नबस्न पर्ने अवस्थामा पुगेपछि एउटा छोरीको पढाई र परिवारको गुजारामा पनि समस्या भएको उहाँले दुखेसो पोख्नुभयो । "सम्पत्तिका नाममा पुर्ख्यौली छ कट्ठा खेत र साढे आठ धुर घडेरी पाएको थिएँ", उहाँले भन्नुभयो, "बिमाबाट आएको पैसाबाट बाँस बस्ने समस्या भएपछि एकतले काठको घर बनाएँ । खेतको उत्पादनले मुस्किलले आधा वर्ष खान पुग्छ । छोरीको पठनपाठन, केही उपचार खर्च कसरी जोहो गर्नु ?"

श्रीमती एक्लैले गरेको कामबाट परिवारलाई हातमुख जोर्न सधैं समस्या भएको भन्दै उहाँले आफूले सकेको काम गरेर परिवारलाई सघाउने चाहना रहेको बताउनुभयो । "शारीरिक रूपमा अशक्त व्यक्तिहरूले क्षमताअनुसार काम गरेर परिवारलाई सहयोग गरेको देखेसुनेको छु", उहाँले भन्नुभयो, "मलाई पनि केही गर्ने चाहना छ । आफूसँग लगानी छैन । कसैले कतैबाट सहयोग गरिदिए समाजको उदाहरणीय पात्र बन्ने थिएँ ।"

पौडेलले वैदेशिक रोजगार विभागबाट पाउने छात्रवृत्ति पनि नपाएको गुनासो गर्नुभयो । वैदेशिक रोजगारमा अङ्गभङ्ग भएका वा ज्यान गुमाएकाका बालबालिकाले उच्च शिक्षासम्म पठनपाठनका लागि छात्रवृत्ति पाउने व्यवस्था भए पनि आफूले नपाएको उहाँले बताउनुभयो । "छात्रवृत्ति पाइन्छ भन्ने थाहा पाएपछि कागजात लिएर गएको थिएँ", उहाँले भन्नुभयो, "तपाईंको बिमावापतको रकम पूरा भएको छैन, पाउनुहुन्न भनेपछि फर्किएँ । त्यत्ति पाएको भए पनि छोरीको पठनपाठनका लागि थपथाप हुने थियो ।"

पौडेलको आठ वर्षकी छोरी गाउँ नजिकैको एक विद्यालयमा बाल कक्षामा अध्ययन गर्नुहुन्छ भने श्रीमतीले आफू र छोरीको स्याहारपछि बाँकी समय पशुवस्तु र खेतीपाती गरेर दुई छाकको जोहो गरिरहनुभएको उहाँले बताउनुभयो । कक्षा ९ सम्म अध्ययन गर्नुभएकी सविना पौडेलले श्रीमान् शारीरिक रूपमा अशक्त भए पनि आफूले अवसर पाए छोरी र श्रीमान्का लागि सहारा बनेर गुजार गर्ने वातावरण बन्ने बताउनुभयो ।

स्थानीय तहसँग आवश्यक सहयोगका लागि पटकपटक ताकेता गरेको उहाँले बताउनुभयो । मैले कार्यालय सहयोगीको कामका लागि फारम पनि भरे । खै के भयो काम भएन । कुनै व्यावसायिक तालिम र लगानी पाए काम गर्ने थिएँ । यसरी विभिन्न दुर्घटनामा परेर समस्यामा परेकालाई सहज जीवन गुजाराका लागि स्थानीय सरकारले केही व्यवस्था गर्नुपर्ने उहाँको माग छ ।

उक्त वडाका अध्यक्ष दुर्गाबहादुर आलेले वडामा त्यस्तो कुनै बजेट नहुने बताउनुभयो । यस्ता विपन्न नागरिकका लागि नगरपालिकाले नै आयआर्जनका कार्यक्रममा समेट्ने गरेको छ । "वडामा त्यस्तो योजना तथा बजेट हुँदैन", उहाँले भन्नुभयो, "यस्तो अवस्थामा नगरले नै व्यवस्थापन गर्ने गरेको छ । मैले पनि उहाँहरूको समस्याका लागि पहल गरिरहेको छु । हेरौँ केही गर्न सकिन्छ कि ?" प्रधानमन्त्री रोजगारी तथा अन्य सहयोगको लागि पनि सोचिरहेको उहाँले बताउनुभयो ।रासस

# जाडोको सहाराको अझै आश पाल्दै दलित बस्ती



महोत्तरी । माघको पहिलो साता सकिनैलाग्दा बल्ल दुई दिनयता घाम देखिन थाले पनि महोत्तरीका अति विपन्न दलित बस्ती अझै चिसोको कहरबाट निस्कन सकेका छैनन् । दुई दिनयता मध्याह्नतिर घाम देखिए पनि त्यसअघिको शीतलहरले दलित बस्ती अझै जाडोको केही सहारा पाइन्छ कि भन्ने आशमै छन् ।

पछिल्लोपटक माघे सङ्क्रान्तिसँगै बढेको लगातारको बाक्लो हुस्सु र त्योसँगै बहने चिसो स्याँठले दलित बस्तीका पराले झुप्रामा ओसले लछ्प्प भिजाएको भुइँ अझै ओभाएको छैन । बस्ने भनौँ कि सुत्ने खरको भित्ता र परालको छानोका केही झुप्रा छन् । झुप्राभित्र न ओढ्ने, न ओछ्याउने केही छैन । केवल पराल ओछ्याइएको छ, त्यो पनि ओसले भिजेको छ । अहिले महोत्तरीका सबैजसो स्थानीय तहका गरिब बस्तीको अवस्था हो यो । खासमा मुसहर र बाँतर जाति समुदायका बस्तीमा जाडोको कहरले अझै छाडेको छैन ।

पुस मध्यपछिको शीतलहर काटेर अन्त्यतिर घाम देखिन थालेपछि यसपालिको कष्ट पार लगाइयो भन्ने सोचेका यस्ता बस्तीका गरिबले तिला सक्रायत (माघे सङ्क्रान्ति) राम्ररी मनाउन पाएनन् । आफ्ना अभाव र दुःख लुकाउँदै मनाइने तिला सक्रायत (माघे सङ्क्रान्ति) कै दिन बढेको हुस्सु र चिसो स्याँठले लगलगी मुटु कमाउने जाडो बढेपछि गरिब बस्तीमा पर्वको रौनक छाउन नसकेको ती बस्तीका दलित बताउँछन् । "जाड स सारा शरीर सुकैरगेल, कि पावैन मनवैतो" (जाडोले कक्र्याएको थियो, के पर्व मनाउनु ?) पर्वका दिनको अवस्था सम्झदै भङ्गाहा-३ सकरीको दलित बस्तीकी पारो बाँतर भन्नुहुन्छ, "आस तकैछी जे कोई अई जाडके सहारा बैनतै" (पर्खदै छौं, सहारा बनेर कोही आइहाल्थे कि ?)।

पारोजस्तै सो बस्तीका मुसहर र बाँतरका ५० परिवार अहिले राहत पर्खदैछन् । नजिकको भङ्गाहा-४ रामनगरको मुसहरी टोलकी हेमनी सदा मुसहर जाडोले कक्र्याएको शरीर अझै कतै काममा जानसक्ने नभएको बताउनुहुन्छ । "कतो काज कर नई जासकैछी, झुपडीमें आब न खाएके दाना अई, न पहिरके कोनो गरम कपडा" (जाडोले कतै काम गर्न जान सकेको छैन, झुप्रोमा अब न खाने अन्न छ, न न्यानो कुनै लुगा) हेमनी भन्नुहुन्छ, "आब नई बुझाइय, जे इ ठण्ड पार करब" (अब लाग्छ, यो चिसो काट्न सकिन्न) । हेमनी मात्र नभएर सो बस्तीका ३५ घर मुसहरको उस्तै अवस्था छ ।

जिल्लामा अति विपन्न अरु जाति समुदाय पनि छन्, तर मुसहर, बाँतर भने अन्यभन्दा निकै कष्टमा छन् । यी दुबै जाति समुदायजस्तै मेस्तर, डोम, खत्बे, हलखोर, चमार र पासवानसहितका दलित समुदायको अवस्था दयनीय देखिन्छ । यद्यपि, यी समुदाय बाँतर, मुसहरभन्दा आमरुपमा अलि उक्सेका जस्ता देखिन्छन् । कुनै बस्ती छिचोल्दा पराले झुप्राका गुजुमुज्ज बस्ती देखिएपछि सो ठाउँबारे अनजानले पनि यो मुसहर, बाँतरको बस्ती रहेछ भनेर लख काट्न सक्ने भङ्गाहा-४ को मुसहर बस्तीकै नजिकका ७५ वर्षीय वृदेवसिंह दनुवार बताउनुहुन्छ ।

मुसहर, बाँतरको भन्दा यी अरु समुदाय थोरै माथि देखिन्छन् । यिनमा पनि डोम, हलखोर र मेस्तर अरूभन्दा निम्सरा नै देखिने सामाजिक संस्था प्रयास महोत्तरीका अध्यक्ष एकडाराको भटौलिया बस्तीका प्रवीण कर्ण बताउनुहुन्छ । "मुसहर, बाँतरका उस्तै पराले झुप्रा हुन्छन्, यी दुबैको रहनसहन, चाडपर्व र कामको क्षेत्रपनि मिल्दाजुल्दा छन्", कर्ण भन्नुहुन्छ, "यी समुदाय शिक्षा, स्वास्थ्य र अन्य विकासका अवसरबाट निकै पछि छन् ।"

शिक्षा, स्वास्थ्यमा पहुँच र विकासका अन्य अवसरबाट पूरै बेखबर यहाँका मुसहर र बाँतरको मुख्य काम कृषि मजदुरी हो । आफ्नो गरिबी र अभावबारे भगवान्बाहेक कसैसँग यिनीहरुको गुनासो छैन । 'न राख्ने अन्न, न साँच्ने धन' आहानका लागि मुसहर, बाँतर उदाहरणमा उभ्याइन्छन् । गिरहतको (काम गर्न गइने धनी किसानलाई यिनीहरु गिरहत भन्छन्) खेतबारीमा गरेको कामबापतको बनी (पारिश्रमिक) ले ल्याएको अन्न यिनीहरु कहाँ सामान्यतया बासी रहन्न । 'कुटी ल्यायो, भुटी खायो' यिनीहरुका लागिको चलनचल्तीको अर्को आहान हो ।

पछिल्लो माघे सङ्क्रान्तिका दिनदेखि अचाक्ली बढेको जाडोबीच यिनको तातोको सहारा भनेको सडकमा फालिएका झुत्रा, पतिङ्गर र प्लास्टिकका टुक्रा जम्मा पारेर बालिएको 'घूर' (आगो सल्काइएको पतिङ्गर वा भूसको थुप्रो) हो । लछ्प्प भिजेका यस्ता झुत्रा, प्लास्टिकका टुक्रा र पतिङ्गर राम्ररी नबलेर पचपची धुँवामात्र फाली रहे पनि यिनीहरुका सपरिवार त्यही 'घुर' वरिपरि बसेर 'फू फू' फुक्दै तातिने आसमा हात फैलाएर बसिरहेका देखिन्छन् । बस्तीका ससाना नानी नाङ्गो आङ्मै त्यही 'घूर' को सहारामा तातो खोजिरहेका देखिन्छन् ।

जिल्लामा मुसहर, चमार, पासवान, डोम र खत्बे धेरथोर सबै स्थानीय तहमा बसोबास गरे पनि हलखोर र मेस्तरको बसोबास जलेश्वर वरपर मात्रै भेटिन्छ । यसैगरी, बाँतर जिल्लाको भङ्गाहा नगर क्षेत्रमा मात्र भेटिन्छन् । मुसहर र बाँतरको मुख्य गुजारा खेती मजदूरीमा छ भने अन्य भने अरु काममा पनि देखिन्छन् । डोम सुँगुर पाल्ने र बाँसका चोयाको सामान बनाउँछन् । मेस्तर सरसफाइको काम गर्छन् ।

जिल्लामा कुल जनसङ्ख्या सात लाख छ हजार नौ सय ९४ भित्र यी सबै दलितको बसोबास झन्डै १५ प्रतिशतको हाराहारीमा छ । जिल्लामा मुसहर २७ हजार तीन सय ५२ र खत्बे १९ हजार ६ सय २५ जनसङ्ख्या रहेको २०७८ को राष्ट्रिय जनगणना तथ्याङ्कले देखाएको छ । यसैगरी, डोम, हलखोर र मेस्तरसमेत १० हजारको हाराहारीमा छन् । जिल्लामा चमार २५ हजार दुई सय ३० र पासवान १७ हजार ६ सय नौ रहेको सो गणना तथ्याङ्कले देखाएको छ ।

बर्खाको भेल, गृष्मकालको गर्मी र शीतकालीन चिसो खेप्नु यिनीहरुको साझा नियति झैँ बनेको छ । राज्यका निकायहरुले दलित लक्षित ल्याएका कार्यक्रम पनि दुई/चार टाठाबाठाबाहेक आम गरिबसम्म नपुगेको यहाँका बुद्धिजीवी बताउँछन् । "खै यिनीहरु जस्ताको त्यस्तै छन्, दलित लक्षित कार्यक्रम कहाँ पुग्छन् को नि !" औरही-१ का सामाजिक राजनीतिक कार्यकर्ता सरोज यादव भन्नुहुन्छ ।

पुस मध्यपछि शीतलहर बढ्दा कतिपय स्थानीय तहले गरिब बस्तीमा राहत उद्धार लगिने बताए पनि यहाँका गरिबले केही पाएका छैनन् । खासगरी दलितभित्र पनि मुसहर र बाँतरको अवस्था दलितभित्रकै अन्य जाति समुदायको भन्दा टिठलाग्दो छ । यस्तो बेला कोही दयालु आइहाल्छन् कि भन्ने आस लागे पनि आफूहरुको दुःख हेर्न कोही नआएका भटौलियाको मुसहर बस्तीकी अइती सदा बताउनुहुन्छ । भटौलिया जिल्लामा मुसहरको निकै बसोबास भएमध्येको बस्ती हो । यहाँ एक सयभन्दा बढी मुसहर परिवारको बसोबास रहेको सो बस्तीका सामाजिक, राजनीतिक कार्यकर्ता विजय कर्णको भनाइ छ । रासस

# रामानन्द जयन्ती महोत्सवको अवसरमा शोभायात्रा



टुडे समाचारदाता

जनकपुरधाम । रामानन्द जयन्ती महोत्सवको अवसरमा जनकपुरधाममा विशेष पूजा आयोजना गरिएको छ । सो अवसरमा जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले जयन्ती पूजन सम्पन्न गरेका छन् ।

रामानन्दीय श्रीवैष्णव संघले जनकपुरधाममा मंगलबार रामानन्द जयन्ती आचार्य पूजनसहित धर्मसभा तथा शोभायात्रा गरेको छ ।

शोभायात्रामा सन्त पुजारी तथा भक्तजनको सहभागिता रहेको थियो । सो कार्यक्रमको उद्घाटन महन्त रामतपेश्वर दास वैष्णवले गरे । सो अवसरमा तात्विक एवं धार्मिक प्रवचन गरिएको थियो ।

सो कार्यक्रममा सहभागी भक्तजनलाई रामानन्दीय श्रीवैष्णव संघका अध्यक्षसमेत रहेका जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले मंगल बधाई गान गाएर शुभकामना दिएका थिए । यसका साथै तुलसी स्मारकमा विशेष प्रसादसमेत वितरण गरिएको थियो ।

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जनकपुरधाम उपमहानगरपालिका, वडा नं. ७, माछाबजारबाटमिति२०८१/७/२१ गते मधेश प्रदेश ०२-००६ प २८८६ नम्बरको निलो रंगको ईन्जिन नं. BE4EN2100092 चेचिस नम्बर MD634BE42N2E00285 को टिभीएस कम्पनीको Apache 160cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम: मो. फजले रहमानी**
**ठेगाना: जनकपुरधाम उ.म.न.पा.-२३, धनुषा**
**मो. नं. ९८०४८५५६११**

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : रोग प्रतिरोधात्मक क्षमता बढ्नेछ । परिवारको साथ र सहयोग मिल्नेछ ।
वृष : दिन सामान्य छ । साना कुरामा विवाद नगर्नु राम्रो हुनेछ ।
मिथुन : दिन रमाइलो छ । परिवारसँग बसेर नयाँनयाँ परिकार खाएर रमाइलो गर्ने अवसर मिल्नेछ ।
कर्कट : अढैया शनि भए पनि शुभग्रहको बहुमत छ । लगानीको क्षेत्रमा घाटा नहुने देखिन्छ ।
सिंह : दिन राम्रो छ । लगानीका क्षेत्र सबल छन् ।
कन्या : दिन सामान्य छ । परिवारको साथमा रमाइलो गर्ने अवसर मिल्नेछ ।
तुला : बन्धुसँगको कारोबारबाट मनोकामना पूरा हुनेछ ।
वृश्चिक : खटपटी बढ्नेछ । प्रेम सम्बन्धमा सम्हालिएर अगाडि बढ्नुपर्नेछ ।
धनु :विपक्षीको आवाज सुन्ने बानीको विकास नहुँदा घाटा हुने जोखिम छ ।
मकर : दिन सामान्य छ । अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ । हरेक काममा बाधा आइलाग्नेछ ।
कुम्भ : दिन सामान्य राम्रो छ ।
मीन : सोचेका काम बन्नेछन् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सूचना प्रविधि उद्यमी र विज्ञसँग प्रधानमन्त्री, घरमै बसेर एकै दिनमा कम्पनी र भ्याट दर्ता गराउन सकिने (पूर्णपाठसहित)



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सूचना र प्रविधिको सहायतामा घरमै बसीबसी एकै दिनमा कम्पनी र भ्याट दर्ताजस्ता काम गर्न सकिने गरी प्रणालीको विकास गरिने बताउनुभएको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा आज सूचना प्रविधि क्षेत्रका उद्यमी र विज्ञसँग छलफल गर्दै प्रधानमन्त्री ओलीले अहिलेको समय सूचना र प्रविधिको भएकाले यसलाई बुझेर काम गर्नुपर्छ भन्नेमा आफूले विगतदेखि नै प्रयास गर्दै आएको स्पष्ट पार्नुभयो।

कार्यक्रमका सहभागी उद्यमी र विज्ञहरुले हालै सरकारले ल्याएको अध्यादेशमा नेपालीले सूचना प्रविधि क्षेत्रमा अन्तर्राष्ट्रिय कम्पनी खोल्न सक्ने र लगानी स्वदेश तथा विदेशमा आदानप्रदान हुने खालको सहजीकरणको व्यवस्थाले आफूहरुलाई उत्साहित तुल्याएको भन्दै प्रधानमन्त्री ओली र सरकारलाई धन्यवाद दिएका थिए।

**प्रधानमन्त्री ओलीले सो अवसरमा व्यक्त गर्नुभएको सम्बोधनको पूर्णपाठ** :

यस भेटघाट कार्यक्रममा सबै साथीहरुलाई हार्दिक स्वागत गर्दछु।

यो कार्यक्रम मेरा लागि अत्यन्तै लाभदायी भएको छ। मेरा लागि लाभदायक भएको कार्यक्रमलाई देशकै लागि, सबैका लागि लाभदायी बनाउनुपर्दछ । यहाँहरुका लागि लाभदायी भयो भने मेरा लागि लाभदायी हुन्छ । मेरा लागि दुईवटा हिसाबले लाभदायी छ । एउटा, यहाँहरुका कुराले आगामी दिनमा के के गर्नु पर्ने रहेछ भन्ने कुराहरुतर्फ ध्यानकर्षण गरेको छ । त्यसबाट लाभ भएको छ । अर्कोतिर अब यहाँहरुको व्यवसाय अगाडि बढ्छ, त्यसबाट पनि लाभ भएको छ।

यस सम्बन्धमा हामीले प्रयास र सोचहरु अलिक अगाडिदेखि नै थालेका हौँ । यो आइटी शताब्दिऔँ पुरानो चिज होइन। यो बीसौं शताब्दीको उपज हो र बीसौँ शताब्दीको पनि सेकेण्ड हाफमा कम्प्युटर इन्जिनियरिङसँगै यसको विकास बढी तीव्रताका साथ भयो।

मैले सन्दर्भमाहरुमा भन्ने गर्छु, सन् १९२१ मा टेलिभिजनजस्ता कुरा देखाउन सक्छ कि भनेर वैज्ञानिकहरु सोच्दै रहेछन्। त्यस्तो धेरैको दिमागमा आउँदो रहेछ। १९६० को दशकमा हामी पनि रेडियो सुन्थ्यौँ। हामी कल्पना गर्दथ्यौ, यो बोल्ने मान्छेको आवाज आउँछ भने चित्र पनि आउन सक्छ होला भनेर । त्यतिबेला हामीले थाहा नभएको रहेछ, त्यति बेला ब्ल्याक एण्ड ह्वाइटबाट कलर टेलिभिजनको जन्म भइसकेको रहेछ। तर, हामी टेलिभिजनको कल्पना गर्दै थियौं कि मान्छेको चित्र नै आउन सक्छ कि भनेर। हामी केटाकेटी र साना युवाहरु कुरा गर्दा त्यसरी गर्दथ्यौँ। पछि हामीहरु पनि हुर्किंदै गयौं र आइटी क्षेत्र पनि विश्वमा हुर्किंदै गएछ। म त जेल परेँ, धेरै थाहा पनि भएन। जब म जेलबाट छुटें, धेरै कुरा थाहा भयो।

मेरो उद्देश्य सानैदेखि समाज परिवर्तनको थियो । समाज परिवर्तन भनेको राजनीतिक परिवर्तन मात्रै होइन। राजनीतिक परिवर्तन त माध्यम मात्रै हो, साधन मात्रै हो । राजनीतिक परिवर्तन भएपछि राम्रो सरकार बन्यो भने देशप्रति, जनताप्रति उत्तरदायी र विकासको आकांक्षा भएको, त्यो संकल्प र डेडिकेशन भएको सरकार बन्यो भने त्यसले विकास गर्छ। त्यसका लागि राजनीतिक प्रणालीमा विकास चाहिएको हो । त्यसकारण थियो । हामीले राजनीतिक प्रणालीका लागि लामो समय सङ्घर्ष गर्नु पऱ्यो, बलिदान दिनु पऱ्यो र दुःख भोग्नुपऱ्यो। अहिले राजनीतिक प्रणाली परिवर्तन भएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा हामी छौँ।

हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्र किन ल्यायौँभन्दा विकासका लागि ल्यायौँ, जनताका समस्या हटाउनका लागि, गरिबी हटाउनका लागि ल्यायौँ, समृद्धि प्राप्त गर्नका लागि ल्यायौँ, सुखको जिन्दगी नेपाली जनताले प्राप्त गरुन भन्नका लागि ल्यायौँ । पहिले सङ्घर्ष गर्ने समय थियो । हामीले विकासका लागि व्यवस्था परिवर्तन गरेर अनुकूल वातावरण गर्नु थियो। अब हामीले काम सुरु गर्ने समय भयो। नेपालमा धेरै उतारचढावहरु भए। यद्यपि धेरै लामो समय होइन। हामीले अहिले परिवर्तन ल्याएको समय भनेको लगभग ३२/३४ वर्ष भयो। तर, यी ३२/३४ वर्षमा उतारचढाव भए। देशका लागि ३४ वर्ष लामो होइन । तर विकासको गति जसरी तीव्रताका साथ अगाडि बढेको छ र दुनियाँजस्तो तीव्र गतिमा अगाडि बढिरहेको छ, परिवर्तन भइरहेको छ, त्यस ठाउँमा साढे तीन दशकको अवधि खेर जानु भनेको सानो क्षति होइन, त्यो धेरै ठूलो क्षति हो। अब यो क्षति टोलरेन्स गरिरहन वा व्यहोरिरहन सकिँदैन। अब यस क्षतिलाई मेकअप गरेर अगाडि बढ्नुपर्दछ। अब अगाडि बढ्ने मात्रै होइन कि यी साढे तीन दशकका क्षतिलाई समेत मेकअप गरेर अगाडि बढ्नुपर्दछ।

पहिलोपटक म सन् १९९२ मा अमेरिका गएँ। त्यहाँ बिल क्लिन्टन राष्ट्रपतिको उम्मेदवार हुँदा चुनावको अनुगमनका लागि भिजिटर कार्यक्रमअन्तर्गत मलाई बोलाइएको थियो । त्यसमा जाँदा एउटा कम्पनीको मान्छेले हामी मोबाइल फोन बनाउन खोज्दै छौँ भनेर कलरेस टाइपको मोबाइल देखाउनुभयो र के भन्नुभयो भने, अहिले यसले आफ्नो कम्पनीलाई सम्पर्क गर्छ, कम्पनीलाई भन्छ, कम्पनीले तपाईंको घरसम्म सम्पर्क गर्दिन्छ र घरबाट तपाईं सोझै यस फोनमा सम्पर्क गर्न सक्नुहुन्छ भनेर। तर, त्यो त्यहाँको सेटसँग मात्रै हो। यो सन् १९९२ को कुरा हो। सबैभन्दा विकसित त्यही थियो र सबैभन्दा विकसित हुन प्रयास गरिराखेको मोबाइल कम्पनी त्यही थियो। मैले त्यो कम्पनीको नाम बिर्सिएँ। त्यसपछि नभन्दै उधुम विकास भयो। यो तीव्र विकासको समय छ, यसमा विकास हुन्छ नै।

हाम्रो पार्टीको नेतृत्वमा पहिलोपटक जब सरकार बन्यो सन् १९९४ मा र १९९५ सम्म चल्यो। त्यो सरकारको समयमा हामीले सामाजिक जीवनका विविध क्षेत्रहरुमा, सरकारका विभिन्न पक्षहरुमा कहाँ कहाँबाट क्याच गर्न सकिन्छ भनेर हेऱ्यौँ । त्यसरी हेर्दा, कम्प्युटर इन्जिनियरिङ, तत्सम्बन्धी पढाइ र सफ्टवेयर भारतले एडप्ट गरेको रहेछ र त्यसको काम पनि सन् १९९१ देखि थालिसकेको रहेछ। सन् १९९१ देखि उनीहरुले काम थाले, हामीहरुले लय समाउनै सकेनौँ। हाम्रोमा राजनीतिक परिवर्तनपछि काम गर्ने जमाना सुरु भयो भन्नेभन्दा पनि अलिक सत्ताको रापझापजस्तो कुरा र सत्ता भनेको एउटा इन्जोय गर्ने ठाउँ प्राप्त गरियो भन्ने खालको परिस्थिति बढी भयो। काम गर्ने, विकास गर्ने ठाउँभन्दा पनि इन्जोय गर्ने ठाउँ प्राप्त गर्न हारालुछ गर्ने खालको स्थिति भयो । त्यसले गर्दा हामीले वाञ्छित सफलता प्राप्त गर्न सकेनौँ । तैपनि त्यस बेलादेखि यस क्षेत्रमा काम गर्नु पछै है भन्ने सोच बनायौं।

त्यसपछि यसमा रिभुलुसन ल्याउने गरी म पहिलोपटक प्रधानमन्त्री हुँदा विभिन्न खालका नयाँ सोचहरु मैले अगाडि सारेँ। मेरो नेतृत्वको सरकारले विभिन्न कुराहरुलाई अगाडि साऱ्यो । त्यतिबेला पनि हामी उतारचढावको अनेक सिलसिलामा थियौँ। संविधान भर्खर जारी गरेको स्थिति थियो। संविधान जारी गऱ्यौ तर त्यससँग सम्बन्धित कानुन छैन। त्यस कानुनमा संशोधन र परिमार्जन नै गर्नुपर्ने कानुनको चाङ छ। के आवश्यकता हो भनेर सबैले बुझ्नुभन्दा पनि राजनीतिक नेतृत्वले बुझ्नुपर्छ र त्यो गाइड गर्नुपर्छ। त्यसपछि मात्रै खासमा काम हुनसक्छ। त्यसो भएर हामीले त्यो प्रयास पनि गऱ्यौँ र धेरै कानुनहरु परिवर्तनका लागि हामीले अगाडि साऱ्यौँ र परिवर्तन गऱ्यौं । संविधान मुस्किलले जारी गऱ्यौं, जारी गर्ने बित्तिकै पाँच महिनासम्म नाकाबन्दी भयो । नेपाली समाज पानीबाट निकालेको माछा जस्तो भयो । हस्पिटलमा अक्सिजन छैन, ट्याब्लेट छैन, डाक्टर अस्पताल जान गाडीमा फ्युल छैन, औषधि किन्न पाइँदैन, फ्युल किन्न पाइँदैन। मान्छे भोकभोकै छ। हामीले आगो बाल्न दाउरालाई केजीका हिसाबले तराजुले तौलिएर काठमाडौँमा बेच्नु पऱ्यो। धेरै दाउरा दिनसक्ने स्थिति पनि छैन, त्यति धेरै काठमाडौँलाई पुग्ने कहाँबाट ल्याउने ? विद्युतीय चुलो त्यति छैन। विद्युत्को सप्लाई गर्न उत्पादन नै थिएन, दुई सय मेघावाटको हारहारीमा थियो। त्यस स्थितिबाट अगाडि बढाउन हामीले मेजर गेम चेन्जिङ खालका कुराहरु अगाडि सार्नु पऱ्यो र त्यसरी हामीले अगाडि बढायौँ। तर समय थोरै भयो । अलि कति हामीले नेपालको हितमा गेम चेन्जर खालको कुराहरु, कामहरु अगाडि बढाउन थालेको हुनाले त्यो एउटा भयावह स्थितिजस्तो धेरैलाई लाग्यो र सरकार ढल्यो।

> त्यसपछि यसमा रिभुलुसन ल्याउने गरी म पहिलोपटक प्रधानमन्त्री हुँदा विभिन्न खालका नयाँ सोचहरु मैले अगाडि सारेँ ।

फेरि हामी चुनावबाट आएपछि करिब तीन वर्षको समय पायौँ तर सजिलोसँग काम गर्न पाइएन । यता खुट्टा तान्दै छ, यता अगाडि बढ्दै छ, खुट्टा तान्दै छ, अगाडि बढ्दै छ गरेर पनि हामीले केही कुराहरु गऱ्यौँ र डिजिटल नेपालको कन्सेप्ट ल्यायौँ। त्यसैबेला डिजिटल नेपालको कार्यान्वयनका लागि फ्रेमवर्क पनि बनायौँ । यी सबै कुराका दुई तीनवटा पाटाहरु थिए । तपाईंहरुले बिपी यो भन्नुहुन्छ, केपी यो भन्नुहुन्छ, नलेजसम्बन्धी, विजनेशसम्बन्धी अथवा अर्को सेक्टरसम्बन्धी । यसमा हरेकसँग पुग्ने एक्सेस र क्यापासिटी बढाउने, यो विजनेशका लागि हो। यो विकासका लागि हो। यो सबैका लागि हो। आइटी फर अल, आइटी फर विजनेश, आइटी फर एजुकेशन, आइटी फर इन्फमेशन । एआइको जमानामा भन्ने हो भने एआइ अथवा आइटी इज फर एर्भिथिङ ! यस्तो भइसक्यो । यो बिना त हुँदै हुँदैन । कसैले मोबाइल घरमा छोडेर आएको छैन होला, मोबाइल साथमै हुन्छ। यस्तो भइसक्यो अरु चिज छुटेर केही हुँदैन, मोबाइल छुट्नु भएन। मोबाइल छुट्यो भने इन्फमेशन छुटिहाल्छ। त्यसकारण यस्तो अप टु डेट रहनुपर्ने अवस्था दुनियाँको बनेको छ कि एकछिन् छुट्यो भने के के भइसकेको हुन्छ, थाहा पाइएन, बर्बाद भइसकेको जस्तो हुन्छ, मैले त त्यो थाहा पाइन भनेर। त्यो सेकेण्ड ह्याण्ड थाहा पाइयोजस्तो हुन्छ। प्रत्यक्षदर्शी कोही हुँदैन, सेकेण्ड ह्याण्ड नै हो थाहा पाउने।

यस सन्दर्भमा हामीले नेपालको विकास र नेपालीको विकास गर्ने मुख्य कुरा भनेको आइटीको दक्ष र सक्षम जनशक्ति हो। त्यसो भएर हामीले यी कुराहरुलाई एकदम तीव्रताका साथ अगाडि बढाउनु छ। हाम्रा युवाहरुलाई दक्ष बनाउनु छ, सक्षम बनाउनु छ। युवाहरुमा रहेको, यहाँ केही गर्न सकिँदैन भन्ने चिन्ता जाहेर गर्नु भयो र त्यसमा अलिकति आशावादीता जागेको कुरा गर्नु भयो, त्यो ठीक हो। मैले अघिल्लो पटक प्रधानमन्त्री हुँदा पनि मुख्य कुरा आशा जगाउने काम, विकास हुनसक्छ, हाम्रै पालमा विकास हुनसक्छ, हामी गर्न सक्छौँ भनेर।

मैले हाम्रा पूर्वजहरुका कहानी सुनाउने गरेँ, हाम्रा पूर्वजहरु यस्ता महान् थिए, यस्ता इनोभेटर थिए, यस्ता रिसर्चर थिए भनेर। ज्ञान यहाँ सुरु भयो र विस्तार भयो। गणित यहाँ सुरु भयो र विस्तार भयो । चिकित्सा शास्त्र यहाँ सुरु भयो र विस्तार भयो, खगोलशास्त्र यहाँ सुरु भयो र विस्तार भयो। ज्ञान भनेकै यहाँ सुरु भयो र विस्तार भयो। दुई चार शताब्दी हामी अलिकति पछाडि पऱ्यौँ । नाउ टाइम इज चेन्ज। अब पालो एसियाको, अब पालो हाम्रो, अब पालो नेपालको। नेपालले गर्न नसक्ने कुरा केही छैन। त्यसकारण अब नेपालले गर्न सक्छ र उपयुक्त समय आएको छ । यो समयलाई, यो समयले हामीलाई उपलब्ध गराएको अवसरलाई हामीले क्यास गर्न सक्नुपर्दछ, त्यसलाई प्रयोग गर्न सक्नु पर्दछ र अगाडि बढ्न सक्नु पर्दछ। साथीहरुले ठीक भन्नु भयो कि हामीले नेपाललाई दक्षिण एसियको आइटी हब बनाउन सक्नुपर्दछ।

हाम्रो उत्पादन हामीले बेच्न सक्नुपर्दछ । हाम्रो उत्पादन हामीले जनताका घरघरमा पुऱ्याउन सक्नुपर्दछ, उनीहरुको जीवनस्तर बढाउनका लागि त्यसलाई प्रयोग गर्नुपर्छ, उनीहरुको आयस्तर बढाउनका प्रयोग गर्नुपर्दछ। उनीहरुलाई रोजगारीका अवसर बढाउन पर्दछ। सबै आइटी इन्जिनियर हुनसक्छन् भन्ने कुरा होइन । यहाँहरुको उत्पादनका लागि सरकार पनि एउटा आफैँ मार्केट हो भनेर यहाँहरुले अघि भन्नुभयो । सरकार आफैँले पनि प्रोडक्शन गर्छ । अहिलेसम्मको स्थिति के छ भने, हामीले सफ्टवेयर ऐरा झण्डैझण्डै गुमायौँ नै । भारतले जुन कुराको ठूलो फाइदा लियो, हामी देख्दादेख्दै पछाडि पऱ्यौँ । कृषिमा पनि भारतले सन् १९६५ देखि ६८ मा ग्रिन रिभुलुसन भनेर इन्टरड्युस गऱ्यो । उसले १९९८ मा ल्याइसकेको चिज हामी अहिले बल्ल २०२५ मा इन्टरड्युस गर्दैछौँ अथवा ल्याउँदै छौँ वा योभन्दा अगाडि हामीले प्रयास सुरु गरेका छौँ र अगाडि बढाउन खोज्दै छौँ। अर्थात् ३० वर्ष हामी यसै पछाडि परेका छौँ । यो त ३० भन्दा पनि ६० वर्ष भइसक्यो। ग्रिन रिभुलुसन हामीले ६० वर्ष अगाडि गर्नु पर्दथ्यो तर ६० वर्ष अगाडि राणा शासनबाट भर्खर उम्किएका थियौं। पिञ्जडाबाट बाहिर मात्रै निस्किएका थियौँ। त्यसकारण अब हामी पिञ्जडामुक्त छौँ वा खुला आकासमा हामी जे पनि गर्न सक्छौँ । हामीले हाम्रा युवाहरुलाई सक्षम र दक्ष बनाउनु पर्दछ। हाम्रा युवाहरु प्रतिभामा कम छैनन्। हाम्रा पूर्खाहरुको जेनेटिक मेमोरी यस्तो छ कि अहिलेभन्दा हजार वर्ष अगाडि भाष्कारार्चायले पृथ्वीको गोलाई नापेका थिए, घरमै बसेर। कसरी नापे होलान् ! तौल नापेका थिए, कस्तो तराजु थियो होला ! पृथ्वीको तौल अहिलेभन्दा हजार वर्ष अगाडि नाप्ने ! ग्राभिटेशनको थ्योरी हजार वर्ष अगाडि पत्ता लगाएका थिए। त्यो कुरा युरोपसम्म पुगेको थिएन। त्यो कुरा हाम्रोमा प्रचार भएको थिएन । पुस्तक लेखिएको थियो, १२१० मा प्रकाशित भएको थियो। त्यो कुरालाई हामीले बाहिर प्रचार गर्न सकेनौँ। अहिले हामी पढ्दै छौँ, ग्राभिटेशनका जनक न्युटन भनेर। न्युटनभन्दा पाँच सय वर्ष अगाडि त पुस्तक छापिएको थियो ग्राभिटेशनको थ्योरीका बारेमा ग्यालिलियो र न्युटनले गर्नुभन्दा अगाडि, हाम्रो भूमिमा। पहिलो सर्जन यहाँका थिए। संस्कृतमा वेद भनेको साइन्स। हाम्रा पूर्वजहरुले साइन्स भन्ने त्यति बेला आविष्कार गरेर दर्शनका बारेमा, अरु बारेमा निकालेका थिए। साइन्स टेक्नोलोजीले सिर्जना गर्ने हो। साइन्स र टेक्नोलोजी हाम्रा पूर्खाहरुले उहिले सुरु गरिसकेको चिजमा हामी फेरि फर्किएर पुग्दै छौँ । आज अरुले लिड गरिराखेका छन्। हामी अरुले बनाएको मोबाइल चलाउँछौँ, अरुको सफ्टवेयर चलाउँछौँ, अरुका एप्स चलाउँछौँ। अहिले भर्खर हामीले नागरिक एपजस्ता कुराहरु निकालेर केहीकेही मामलामा ग्लोबल्ली फस्ट, चालक अनुमति पत्र (ड्राइभिङ लाइसेन्स)लगायतका चिजहरु त्यसैमा समेटेर लान सकिने हामीले विकास गरेका छौँ । जो साथीहरु यसमा काम गरिरहनुभएको छ, म धन्यवाद भन्न चाहन्छु।

अब हामी एकै दिन कम्पनी दर्ता, भ्याट दर्तादेखि अरु चिजहरु घरमै बसेर गर्न सकिने प्रणाली विकास गर्दैछौँ। म यो गर्न चाहन्छु भनेर गर्न सक्ने त्यो प्रविधिको सुरु गर्दैछौँ र त्यो छोटो समयभित्र हामी सफल बनाउँछौँ । जसले आजको समयलाई बुझ्दैन उसले प्रगति गर्दैन। समयलाई बुझ्ने भनेको के ? आज २०८१ साल माघ ८ गते मङ्गलबार भयो भनेर समय बुझिएको हुन्छ र ? यसम बुझ्नका लागि एआइ बुझ्नुपर्दछ, आइटी बुझ्नुपर्दछ। अनि मात्रै समय बुझिन्छ। आइटी बुझिएन भने समय कसरी बुझियो त ? अबको समय आइटीले, साइन्स एण्ड टेक्नोलोजीले लिड गर्छ। अब हामीले हरेक क्षेत्रमा साइन्स एण्ड टेक्नोलोजीको प्रयोगद्वारा परिवर्तन गर्नुपर्दछ। आधुनिकीकरण गर्नुपर्दछ। देशलाई आधुनिकीकरण कसरी गर्ने, गरिब देशलाई सम्पन्न कसरी बनाउने, गरिबी नहटाइ कसरी आधुनिकीकरण हुन्छ? ह्वाट इज मोर्डनाइजेशन ? गरिबी त हट्नु पऱ्यो नि, खान पाएको छैन, के को आधुनिकीकरण ? यदि मान्छे भोकै छ भने केको मोर्डनाइजेशन हुन्छ ? अनि छोराछोरी कसरी पढाउँछ ? कसरी निकाल्छ आइटी इन्जिनियर ? कमसेकम आइटीको प्रयोग गर्न सक्ने त हुनु पऱ्यो। त्यो कसरी बनाउँछ त ? त्यसकारण यसका लागि हामी केही गर्ने उद्देश्यका साथ अगाडि बढेका छौँ। अरु धेरै कुराहरुलाई दिगो बनाउनु छ। आइटी क्षेत्रको विकासको जुन अभ्यास र प्रयास सुरु गरेका छौँ। यसलाई दिगो बनाउनुपर्ने छ। हाम्रो यस्तो छलफललाई पनि पिरियडिक ढङ्गले दिगो बनाउनु परेको छ। त्यो हामी गर्छौं।

अहिले साथीहरुलाई धेरैधेरै धन्यवाद ।रासस

## निर्यात ३१ प्रतिशतले बढ्दा पनि व्यापार घाटा उच्च

काठमाण्डु । चालु आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक समीक्षा अवधिसम्ममा नेपालले कूल रू नौ खर्ब २१ अर्ब १६ करोडको वैदेशिक व्यापार गर्दा रू सात खर्ब २३ अर्ब ५८ करोड १३ लाख घाटा व्यहोरेको छ।

भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत पुस मसान्तसम्ममा रू आठ खर्ब २२ अर्ब ३७ करोड पाँच लाख बराबरको वस्तु आयात हुँदा रू ९८ अर्ब ७८ करोड ९२ लाख बराबरको मात्रै निर्यात भएको छ।




गत आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिको तुलनामा चालु आवको सोही अवधिमा आयात सात प्रतिशत र निर्यात ३१ दशमलव ७८ प्रतिशतले बढेको छ।

त्यस्तै, व्यापार घाटा चार दशमलव ३८ प्रतिशतले बढेको छ। गत आवको अर्धवार्षिक समीक्षा अवधिको तुलनामा चालु आवको सोही अवधिमा कूल वैदेशिक व्यापारमा निर्यातको योगदान दुई दशमलव ०१ प्रतिशतले घटेर ८९ दशमलव २८ प्रतिशत कायम भएको छ।

नेपालले सबैभन्दा धेरै व्यापार घाटा भारतसँग व्यहोरेको छ। पछिल्लो छ महिना अवधिमा भारतबाट रू पाँच खर्ब दुई अर्ब ८५ करोड बराबरको वस्तु आयात गर्दा रू ७३ अर्ब ७१ करोड १२ लाख बराबरको निर्यात गरेको छ। जसअनुसार यो अवधिमा भारतसँगको मात्र व्यापार घाटा रू चार खर्ब २९ अर्ब १४ करोड बराबर छ। त्यस्तै, चालु आवको पुस मसान्तसम्ममा चीनसँग रू एक खर्ब ५८ अर्ब ६२ करोड र अर्जेन्टिनासँग रू २२ अर्ब ६२ करोड व्यापार घाटा व्यहारेको छ।

नेपालले एक सय २३ मुलुकसँग व्यापार घाटा बेहोरेको छ भने ३२ वटा मुलुकसँग व्यापार नाफा बेहोरेको छ। नेपालले गर्ने वैदेशिक व्यापारमा बढी नाफा रहेका मुलुकमा डेनमार्क, अस्ट्रिया, रसियन फेडेरेसन, माल्दिभ्सलगायत छन् ।रासस

## सशस्त्र प्रहरीद्वारा पर्सामा २१ करोड मूल्य बराबरको भन्सार छलीका सामान बरामद



वीरगञ्ज । सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरी बलले सक्रियता बढाएसँगै पर्सामा भन्सार छलीका सामान बरामद गर्ने क्रम ह्वात्तै बढेको छ। सशस्त्र प्रहरीले सक्रियता बढाएसँगै आर्थिक वर्ष २०८०/ ८१ को छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा रु छ करोड ६८ लाख ५३ हजार मूल्य पर्ने भन्सार छलीका सामान बढी बरामद गरेको हो।

सशस्त्र प्रहरी बल, नेपाल नम्बर १३ गण हेडक्वाटरका गणपति राधेश्याम धिमालले चालु आवको छ महिनामा भन्सार छली गरेर भित्र्याइएका रु २१ करोड २८ लाख २६ हजार मूल्य पर्ने सामान बरामद गरेको जानकारी दिनुभयो।

"सशस्त्र प्रहरीले सक्रियता बढाएसँगै अवैध चोरी पैठारी गरेर भित्रिने लत्ताकपडा, इलेक्ट्रोनिक्स सामान, हार्डवेयर, मोटरपार्टस्, खाद्यपदार्थ र किरानाका सामान बरामद हुने क्रम बढेको छ", उहाँले भन्नुभयो, "सशस्त्र प्रहरीले वीरगञ्ज भन्सार नाकामा दुईवटा तालिमप्राप्त कुकुर पनि खटाएर जाँच गर्दै आइरहेको छ।"

सशस्त्र प्रहरी बलले चालु आवको छ महिनामा रु १६ करोड ४७ लाख ४१ हजारको भन्सार छली गरेर भित्र्याइएका लत्ताकपडा, इलेक्ट्रोनिक्स सामान, हार्डवेयर, मोटरपार्टस्, खाद्यान्न पदार्थ र किराना सामान वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको जनाएको छ।

त्यस्तै सोही अवधिमा रु चार करोड ६० लाख ८५ हजार मूल्य पर्ने बिलबिजक नभएका सामान भने पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयमा बुझाएको जनाएको छ। सशस्त्र प्रहरीले आव २०८०/८१ को छ महिनामा भन्सार छली गरेर भित्र्याइएको रु चार करोड ७७ लाख मूल्यका सामान वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको थियो। आव २०८०/८१ को छ महिनाकै अवधिमा बिलबिजक नभएका रु नौ करोड ८२ लाख ६९ हजारको सामान राजस्व अनुसन्धान कार्यालयमा बुझाएको थियो। पर्सा जिल्लामा एक सय सात किलोमिटर सीमा क्षेत्र भारतसँग खुला रूपमा जोडिएको छ ।रासस


**एकता बचत तथा ऋण सहकारी संस्था लि.**

**जनकपुरधाम-०४, धनुषा, नेपाल**

**टेलिफोन नं.:९८०१६२५१८६, email: ektasavingjnk@gmail.com**

**कर्मचारी आवश्यकता**

**प्रथम प्रकाशित मिति २०८१/१०/०८**

यस एकता बचत तथा ऋण सहकारी संस्था लि. का लागि निम्नानुसारको कर्मचारीहरु आवश्यक भएको हुँदा इच्छुक नेपाली नागरिकहरुले यही मिति २०८१/१०/१५ सम्ममा यस संस्थाको कार्यालयमा उपस्थित भई वा इमेल मार्फत आवेदन दिनु हुने यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.स. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १, | Branch Manager | २ | मान्यता प्राप्त संस्थाबाट स्नातक तह उतिर्ण गरि कम्तिमा २ वर्ष कार्य अनुभव भएको |
| २. | Loan Manager | २ | मान्यता प्राप्त संस्थाबाट स्नातक तह उतिर्ण गरि कम्तिमा १ वर्ष कार्य अनुभव भएको |
| ३. | Recovery Manager | २ | मान्यता प्राप्त संस्थाबाट स्नातक तह उतिर्ण गरि कम्तिमा १ वर्ष कार्य अनुभव भएको |
| ४. | Operation Incharge | २ | मान्यता प्राप्त संस्थाबाट स्नातक तह उतिर्ण गरि कम्तिमा १ वर्ष कार्य अनुभव भएको |
| ५. | Customer Service | २ | मान्यता प्राप्त संस्थाबाट १०+२ तह उतिर्ण गरि कम्तिमा १ वर्ष कार्य अनुभव भएको |
| ६. | Teller | २ | मान्यता प्राप्त संस्थाबाट १०+२ तह उतिर्ण गरि कम्तिमा १ वर्ष कार्य अनुभव भएको |
| ७. | Marketing Executive | २ | मान्यता प्राप्त संस्थाबाट १०+२ तह उतिर्ण गरि कम्तिमा १ वर्ष कार्य अनुभव भएको |


१. आवेदकहरुले आवेदनमा आफुले काम गर्न चाहेको पद, अनुभव र सम्बन्धित पदका लागि तोकिएको शैक्षिक योग्यताको प्रमाणप्रत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि र bio-data सहित यस संस्थाको कार्यालयमा उपस्थित भई वा email: ektasavingjnk@gmail.com मा मिति २०८१/१०/१५ गते सम्ममा पठाईनु पर्ने छ।

२. छनौटको किसिमः प्रारम्भिक रुपमा छनौट सूचीमा परेका प्रतिस्पर्थीहरुलाई अन्तर्वार्ताको माध्यमबाट छनौट गरिनेछ।

३. सवारी साधन र अनुमति पत्र प्राप्त लाई प्राथमिकता दिइनेछ।

४. आकर्षक तलब, बाहिरको लाई खाना र बसने सुबिधा सहित।

**पदपूर्ति उप-समिति**
**एकता साकोस**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# बजेटको वैधतामाथि प्रश्न

समय व्यक्तिलाई सफल बनाउँदैन , समयको सही उपयोगले व्यक्तिलाई सफल बनाउँछ । पद सम्बोधनका लागि मात्र हुन्छ , इज्जत ,सम्मान पाउन पद अनुरुपको चरित्र पनि हुनु पर्छ । मधेश प्रदेश सरकारका मुख्यमन्त्रीदेखि मन्त्रीसम्म ,सत्ता साझेदारदेखि प्रतिपक्षसम्मको व्यवहार , क्रियाकलाप , विचार र चरित्र पद अनुरुप नभएको तथ्यहरुको चर्चा भइरहेकै बेला वर्तमान जनमत पार्टीका तर्फबाट सरकारको नेतृत्व गरिरहेका मुख्यमन्त्रीले प्रदेशको बजेट विनियोजनका सन्दर्भमा समयको सही उपयोग गर्न नसकेका कारण विवादित र शिथिल नेतृत्वकर्ताको संज्ञाबाट आरोपित हुने अवस्था छ। जनमत पार्टीका तर्फबाट मुख्यमन्त्रीको पदमा आसीन भएका बेलाका सत्ता घटकका अर्थमन्त्रीले प्रदेशसभामा बजेट प्रस्तुत गरिसकेपछि सभामा छलफलका समयमा बजेटलाई हैकरले हैकिग गरेको घटना सार्वजनिक भयो। हैकरले बजेटलाई हैकिग गरी बजेटमा विभिन्न योजनाहरु समावेश गरिएको प्रसंगले मुख्यमन्त्रीसमेत शंकाको घेरामा परेका थिए। प्रतिपक्षले सो अवस्थाका बारेमा प्रदेशसभामा पटक पटक मुख्यमन्त्री , सभामुखलाई ध्यानाकर्षण गराउँदा मुख्यमन्त्रीले बजेट हैकिगबारे पूर्व न्यायाधीश , साइवर क्राइमबारे अनुसन्धान गर्ने प्रहरीलगायतको छानबिन समिति गठन गर्ने प्रतिबद्धता व्यक्त गरे । त्यसको केही समय पछि बजेट प्रस्तुत गरेका अर्थ मन्त्रीको दल सत्ता साझेदारबाट बहिर भए । सरकारमा नयाँ सत्ता घटकको सहभागिता भयो , बजेट विनियोजनबारे चर्चा परिचर्चा हुँदे ६ महिना बित्यो । यो अवधिमा मुख्यमन्त्रीको पद , दायित्व , कामकारबाही बारे अनेक टिप्पणीको क्रम चल्यो । सरकारबाट जनमतको नेतृत्व परिवर्तन हुने जस्ता राजनीतिक घटनाक्रमले पनि स्थान पायो । जनमत पार्टीका अध्यक्षको अभिव्यक्ति ,क्रियाकलाप , असन्तुष्टिको घेरामा मुख्यमन्त्री परे पनि मुख्यमन्त्री सरुवा , बढुवा , शिक्षालयमा प्रतिशोधपूर्ण कार्यमा सक्रिय भइ दिनहुँ भाषण र आसन ग्रहणको होडमा बजेटको वैधताका सबाललाई गौण बनाए। मुख्यमन्त्रीले वाणीलाई वीणा बनाउन सकेन बाण बनाए परिणाममा सत्ता सञ्चालन महाभारत बन्यो। सत्ता साझेदारमै असन्तुष्टिको ज्वारमा मुख्यमन्त्री ६ महिना विभिन्न स्थानमा भाषणबाजीमा समय व्यतीत गर्दै हिउँदे अधिवेशनमा हैकरबाट हैकिग गरिएको बजेटमा खुल्ला प्रतिस्पर्धाबाट विकास निर्माणको कार्य गर्ने उल्लेख भएको बुँदालाई संशोधन गरी उपभोक्ता समितिबाट विकास निर्माण गराउन संकल्प प्रस्ताव बहुमतबाट पास गराइ कार्यकर्ता पोस्ने र अर्थोपार्जनको स्वार्थलाई मूर्त रुप दिने नियत स्पष्ट गरेको छ। कमजोरीलाई लुकाउँदै , भ्रम र शंकाको परिधिमा बजेटबारे छ महिना अघि गरिएको छानबिनको प्रतिबद्धतालाई मुख्यमन्त्रीले किन पाखा लगाए , अपराधीलाई किन संरक्षण दिएको पृष्ठभूमिमा मूल रुपमा प्रश्न उब्जिएको छ - हैकरले हैकिंग गरी बनाएको बजेट अवैध हो वा वैध ?

# घूर तापने भूईंतहका जनताको सरोकार



सत्येन्द्र लाल कर्ण

जाडो छल्न र शीतलहरको प्रकोपबाट जोगिन पूष माघ महिनातिर मधेश तराईका मधेशी बहुल गाउँहरुमा घूरा ताप्ने समाज र संस्कृति भित्रको यथार्थलाई बुझ्नु आवश्यक छ । घूर तापि रहेका मधेशी गाउँलेहरुको मन र भावनालाई बुझ्दा मधेशको अन्तर्कथा र ब्यथाका सत्य र तथ्यहरुलाई उपेक्षा गर्न सरकार र नागरिक समाजको लागि असम्भव छ। मधेश तराईतिर घूरा ताप्ने कार्यलाई रचनात्मक र जिवन उपयोगी तथा मानव स्वास्थ्यका लागी आवश्यक कार्यको रुपमा लिने चलन छ। अधिकांश मधेशीहरुले घूरा ताप्ने गर्दछन् । जिउ तताउने र तङ्ग्रायाउने र समाज तथा संस्कृति भित्रका गुढतम रहस्यपूर्ण घटना कथाहरु र सामाजिक अनुभवका कुराहरुलाई अर्थ्याउने कार्य आम मधेशीहरुको जिवनको एउटा प्रमुख हिस्सा र मुद्दा बनेको छ । कोही कोही महिला र पूरूष, बालबालिका बृद्ध बृद्धा र युवायुवतीहरुले मैलो झुत्रे, च्यातिएको, जिउ समेत छोप्न नसक्ने तथा शीतलहर र जाडो छल्न नसक्ने खालका मलीन पहिरनमा जब घूरा सामु बस्दछन् र आफ्नो जिउलाई तताएर जिउधनलाई संरक्षण गर्न खोज्दछन् तब तिनीहरुको भविष्यको बारेमा चिन्ता गर्ने कुनै सरोकारवालाहरुले तिनीहरुको बारेमा के सोच्दछन् र के गर्दै छन् भन्ने कुरातिर ध्यानाकर्षण हुनुलाई मानविय स्वभाव नै मान्न सकिन्छ।

घूरा ताप्दै बस्दै गरेका र आफ्नो ढाड सेक्दै गरेका समुहहरुले जिउ तताउने, तङ्ग्राउने र समाज तथा संस्कृति भित्रका ग्यान र गुणलाई घूरा वरिपरि बसिरहेका सहभागीहरु सँग सहजीकरण गरिरहेको भेटाउन सकिन्छ। जिवनका सुख दुखहरु एक अर्का संग साट्ने ठाउँका ' घूर ' निर बसेका सेवाग्राही पात्रहरु अनैठो किसिमबाट आफ्नो मनको पिडा र दुख सुख हरु साटासाट गरिरहेका भेटिन्छन् । विपन्न र सम्पन्न सहभागिहरुले त्यसबारे आ-आफ्नो प्रतिकृयाहरु जनाउँदछन् । कसैको घरको भान्सामा कसले भात पकाउँछ, कसले गाई चराउँछ, कसले भैसी चराउँछ, कसलाई हलो जोत्न आउँछ, कसका छोरा छोरीहरु विदेश गएका छन् आदि इत्यादि प्रसंगहरुमा खुलस्त रुपमा बहस हुन्छ। त्यति मात्र हैन , घूर ताप्नेहरुले ठाउँका ठाउँ घर झगडा मिलाउने , घर झगडा लगाउने, अंश बंडा गर्न लगाउने, सासूबुहारीको कुरा मिलाउने, छर छिमेकमा कोही बिरामी भए त्यसलाई उपचार गराउने लगायतका सामाजिक कार्यहरुको बांडफांड गर्ने उत्तरदायित्व पनि घूरा ओगटेर बस्ने त्यहाँका ठूलाबडाहरुकै सरोकारको विषय हुन्छ । घूरा नजिक बस्दै न बस्ने र घूर सल्काउन नजान्ने व्यक्तिहरु घूरा प्रेमी समाजको आँखाको कसिङ्गर बन्न बेर लाग्दैन । संसद भित्र जसरी शून्य समयमा सांसदहरुले देश र जनताका समस्याहरु उठाउन चासो लिएका हुन्छन् , त्यसरि नै घूर छेउमा दोसल्ला ओढेर घोसे मुन्टे लागाएर कठ्याङग्रिदो जाडोबाट बच्न ओत लागेका झुर गरिबहरुले पनि हाकाहाकी घूरा ताप्ने सामन्तहरु सँग सवाल जवाफ गर्न पाउँछन्। घूरा ताप्नेहरुले कुनै किसिमको हडबड नगरि फूर्सदिलो मनले घूरा भित्रको ताप त उर्जालाई आफ्नो जिउको रगत त नसा नसामा महसूस गर्दछन् र मन भित्रका उकुसमुकुस र समाज भित्रका थिचोमिचोलाइ बडो निडर मनले उठाउँदछन्। घूरा फूक्दै र खोतल्दै बडो आनन्द सँग सबै उमेर, तह त तप्काका उर्जाशील प्राणी समुह र समुदायसंग भलाकुसारि गरेर रमाउँदछन् तथा प्रशिक्षण प्राप्त गर्दछन्। समाजको भावि घटना र भवितव्यहरुलाई पर्दाफास गर्दछन्। सरकार नालायक भएकोमा दुखेसो र आक्रोस पोख्दछन्। घूर दन्किरहँदा सम्म घूरा ताप्नेहरुको धीत मर्दैन तर घूराको आगो निभ्ने बित्तिकै सबै घुरा प्रेमीहरु आ-आफ्नो ठाउँमा फर्किन्छन्। यो एउटा नियमित प्रकृया झै जाडोयाम भरि सधैं रूपमा चलिरहन्छ।

कहिले काहीं घूरबाट सल्केको आगोले घूरा ताप्नेहरुको लुगाफाटो पनि जल्न सक्छ। घर र गाई गोठमा आगलागीका घटनाहरु हुने जोखिम पनि रहन्छ। सतर्कता नगरे ठूलो धन जनको हानि पनि हुन सक्ने जस्ता घटनाहरु घटिरहन्छन्। तर, प्रायजसो घूरा ताप्ने कार्यलाई निरन्तरता दिईरहनेहरुले कुनै किसीमको आर्थिक नाफा नोक्सान हुन्छ भन्ने ठान्दैन् । घूरा ताप्नु निरर्थक कार्य हो , यसले मानिसलाई निस्कृय र अल्छी बनाउँछ। यसले अरुको डाहा गर्ने, खेदो गर्ने र कुरा काट्ने कार्य मात्र गर्दछ। घूरा ताप्नेहरुको संगत गर्दा असल संस्कारको विकास हुन सक्दैन भन्ने किसिमबाट तर्कहरुपनि गर्न सकिने धेरै ठाउँहरु हुन्छन् । तर, त्यस्ता कुराहरुमा घूरा ताप्नेहरुको कुनै चासो हुँदैन । गँगाजी मा मरेको भ्यागुताहरु, बकुल्लाहरु र कुकुर बिरालाहरु पानीमा बगिरहँदापनि त्यसले गँगाजीको पानीलाई अलिकतिपनि दोस लगाउन भन्न मिल्दैन।

नेपालको संविधानमा लेखिएको 'समाजवाद' बाट घूरा ताप्ने वर्गहरु बन्चित रहेपनि घूरा ताप्ने अक्षरजीवी र स्रम जीवीहरुको अग्यता र विग्यता दूवै समाजको लागि प्रत्युत्पादक र घातक रहेको कुराहरु बारे यिनिहरुले सजिलै ठम्याउन सक्दछन्। सरकारले घूर ताप्ने समाजलाई फूकेर फूलाउन नसक्ने र थिचेर सिध्याउन नसक्ने हुनाले घूरा ताप्नेहरुले सरकारलाई ठूलो चुनौति दिन सक्छन् भन्ने कुराहरु बारे अनुमान लगाउन सक्ने प्रसस्त ठाउँहरु छन्। सरकारले के गर्दै छ, मन्त्रिहरु कहाँ बस्छन् ? आफ्ना छोरा छोरीलाई काहाँ लगेर पढाउँदै छन् ? ब्यांक ब्यालेन्स र घर घडेरीहरु कसरी जोड्दैछन् , ठेक्का पट्टा र लाभदायक पदहरुमा आफ्ना नातागोता र वफादारहरुलाई कसरी छिराउँदै छन् भन्ने कुराहरुमा यिनीहरुपनि बुझ्ने हुन्छन् । घूर ताप्नेहरु पुस्तौपुस्ता देखि वंचितीकतणमा परेका छन्। यिनीहरु साँचिकै अर्थमा सर्वहारा हुन्छन् । यिनीहरु कांग्रेसको संङगतमा परेपछि ,कांग्रेस र कम्युनिस्टको संगतमा परेपछि कम्युनिस्ट बन्दछन्। यिनीहरु व्यर्थको राजनितिमा कुनै चासो राख्दैनन्। डाँडा काँडा चहारेर देशको समग्र वस्तुस्थिति बुझ्ने बारेमा पनि यनीहरु सँग जुक्ति हुदैन। दुनियाले यिनिहरुलाई सुद्धि बुद्धि नभएको मानिस ठान्दछन् तर यथार्थमा उनिहरुपनि आ-आफ्नो ठाउँमा सर्वग्य र शक्तिशाली नै हुन्छन् । उनीहरुपनि आ-आफ्नो ठाउँको जल, जमिन, जंङगल र प्राकृतिक स्रोत साधनका विशेषग्य हुन्छन्। खेतबारि र पशुपालन कसरि गर्ने भन्ने सम्बन्धमा यिनीहरुसँग धेरै ग्यान र जानकारी हुन्छ। सरकारले यिनीहरुलाई न हेरे पनि सरकारको हरेक गतिविधि र क्रियाकलापहरु बारे यिनीहरुले आफ्नो राय सुझाव दिन सक्छन्।

मधेश तराई तिरका घूर संस्कृति एक किसिमबाट चार वर्ण र छत्तिस जातको फूलवारी नै हुन्छ । सरकारलाई समेत गाली गर्न, प्रतिवाद गर्न तथा सराप्ने कार्यमा यिनीहरु कुनै नेता भन्दा कम आफूलाई ठान्दैनन् तर सरकारले यिनीहरुलाई नटेरे पनि यिनीहरुको मनभित्र हार्दिकता र संवेदनशीलताको संगम हुन्छ। सरकारका मन्त्रीहरु तथा राजनितिक दलहरुसँग यिनीहरुको राम्रो सहकार्य हुन सक्दछ। घूर ताप्ने समाज र सँस्कृति भित्र मानवताको महासागर भेट्टाउन सकिन्छ। घूरा ताप्ने असल घूरा प्रेमीहरु जति महान् हुन्छन् त्यति नै उनको घर अगाडि सल्काईएको घूरको आकार तथा बनोट ठूलो हुन्छ। सरकारको कुनै किसिमको सरसहयोग र अनुदान बिना पनि घूरहरु निर्वाध रुपमा बाल्न सकिन्छ। सरकारी अनुदानको कम्बल र दाउरा पाउन यिनीहरुले मरिहत्ते पनि गर्दैनन् । सरकारले जनकल्याणकारि कार्य गरेन भने आगामी चुनावमा सरकार पक्कै हार्छ भन्ने कुरामा यिनीहरु विश्वस्त हुन्छन्। घुर ताप्ने समाजमा हुनु पर्ने समता, समानता तथा समावेशिताको खाचोलाई कसैले पनि नजरअन्दाज गरेर अगाडि बढ्दछ भने देशमा जनआन्दोलनको देशव्यापी घूर वल्न सक्छ। तथा देश अझ अस्थिर बन्न सक्छ भन्ने कुरोमा सबैले विचार पुर्याउनु जरुरि छ। रामवरण यादवदेखी लिएर सिके राउत सम्म र रामसहाय यादवदेखी अमरेश नारायण सिँह सम्मका राजनितिक धुरन्धर र कुशल खेलाडीहरु यहि घुरा ताप्ने समाजका अभियन्ता र अगुवा हुन्। लोकतन्त्रलाई जनताको दलान सम्म पुर्याउन सबैले होस्टेमा हैसे गर्नु जरूरी छ।



# चुङ्बा शेर्पाको अधुरो सपना



शरद अधिकारी

प्रख्यात 'वन्यजन्तु फोटोपत्रकार' चुङ्बा शेर्पाको पुस २८ गते निधन भयो।

लामाहरूको बौद्धिक मन्त्रोच्चारण, प्रशस्त खादा र फूलले सिँगारेर उनको पार्थिव शरीर महाराजगञ्ज, चप्पल कारखानास्थित घरबाट बाहिर निकालिएको थियो। टेकु दोभानस्थित घाटतिरमा बौद्ध परम्पराअनुसार अन्तिम संस्कारको प्रबन्ध गरिएको थियो।

चुङ्बाका दुई छोरा, दुई छोरीसहित आफन्तजन र सामाजिक जीवनका विभिन्न मानिसले श्रद्धाञ्जली चढाएपछि उनको अन्तिम संस्कार सम्पन्न भयो।

साहस र ऊर्जाले कहिल्यै साथ नछोड्लाजस्ता लाग्ने चुङ्बा ६३ वर्षका थिए।

उनी बितेको खबर सामाजिक सञ्जालमार्फत विश्वव्यापी भयो। जापानी वाइल्डलाइफ फोटोग्राफर मानामी हिगासीले चुङ्बाको तस्बिरसमेत राखेर आफ्नै भाषामा एक्समा लेखिन् - श्रद्धाञ्जली चुङ्बा, तपाईंलाई भेट्न मन थियो। तपाईंसँग कुरा गर्न मन थियो। तपाईंको साथमा तस्बिर खिच्न र छायांकनमा सहभागी हुन मन थियो।

चुङ्बा सम्भवतः नेपालको वन्यजन्तु संरक्षण विधामा सर्वाधिक चर्चित र सम्मानित व्यक्ति थिए। सधैं रहने छन्। उनको प्रख्याति देशभित्र मात्र नभएर अन्तर्राष्ट्रिय क्षेत्रमा समेत चुलिएको थियो।

उनी एउटा लेक्चरका लागि अमेरिकाको 'मोन्टरी वे अक्वारियम रिसर्च इन्स्टिच्युट' जाने तयारी गर्दै थिए। त्यसअघि वन्यजन्तुको तस्बिर खिच्न थाइल्यान्ड जान लागेका थिए। उनी वन्यजन्तुसम्बन्धी रिसर्चमा निजी क्षेत्रबाट उनी निकै अघि बढेका थिए।

तर उनको यात्रामा पूर्णविराम लाग्यो। उनी सधैंका लागि महाप्रस्थानतिर गए। मुलुकको वन्यजन्तु संरक्षण विधामा अपूरणीय क्षति भयो।

चुङ्बाले थोरै समयमा धेरै र अतुलनीय योगदान गरे। यसकारण वन्यजन्तु संरक्षणको विधामा उनी कहिल्यै नअस्ताउने तारा बनेर चम्किरहने छन्।

चुङ्बाले आफ्नो जीवन मूलतः तीनवटा विधामा बिताए। तीनवटै विधामा आफूलाई सफल र अब्बल साबित गरे। वन्यजन्तुको संरक्षण विधाले उनलाई विश्व समुदायमा चिनायो।

सोलुखुम्बुको विकट चौरीखर्क गाउँमा जन्मेका चुङ्बा विश्वमै कसरी प्रख्यात भए? व्यावसायिक जीवन कसरी यति फराकिलो बनाए?

औपचारिक शिक्षा अत्यन्तै कम भए पनि फरक फरक विधामा उनले आफूलाई कसरी सफल र अब्बल बनाए होला भन्ने जिज्ञासा मेरो मानसपटलमा घुमिरहन्छ। उनी सामाजिक सेवामा र राजनीतिमा लागे। पञ्चायती व्यवस्था छँदा २०४२ सालमा तत्कालीन चौरीखर्क गाउँपञ्चायतको प्रधानपञ्च पदमा निर्वाचित भएका थिए।

उनी पञ्चायती व्यवस्थामा कान्छो प्रधानपञ्च र जननिर्वाचित पदाधिकारी बनेर मुलुकभर चर्चित बनेका थिए। त्यति बेला उनी २५ वर्ष उमेरका थिए।

उनले आफूलाई खुम्बुक्षेत्रमा राजनीतिसँगै सामाजिक सेवामा पनि लगाए। सानै उमेरमा सोलुखुम्बु जिल्लाभर चर्चित बने। जनआन्दोलनबाट २०४६ सालमा बहुदलीय व्यवस्था आएपछि उनी नेपाली कांग्रेसमा लागे। केही वर्ष स्थानीय गाउँको नेतृत्व गरे।

चुङ्बाले राजनीति र सामाजिक काम जीविकोपार्जनबाट सधैं अलग राख्नुपर्छ भन्ने मान्यता बनाए। आम्दानीका लागि पर्यटन व्यवसायमा लागे। बरु पर्यटकको भरिया बनेर जीवन चलाए तर राजनीतिलाई पैसा कमाउने माध्यम बनाएनन्।

उनले लुक्लामा होटल खोले। पर्यटकको सत्कारका लागिऔंधेर ट्रेकिङ पेसामा लागे। लुक्लाबाट एयरलाइन्स क्षेत्रमा लागे। नेपाल एयरलाइन्सको स्थानीय प्रतिनिधि भएर काम गरे। पछि लुक्लामा यती एयरलाइन्सको स्टेसन म्यानेजर भए। यती एयरलाइन्सका संस्थापक आङछिरिङ शेर्पाका निकट सारथि भएर यो एयरलाइन्सलाई पर्यटन क्षेत्रको राजधानीका रूपमा कहलिएको खुम्बु क्षेत्रमा स्थापित गराए।

त्यसपछि चुङ्बाले आफ्नो जीवन वन्यजन्तु संरक्षणमा समर्पण गरे। उनले नेपाली पर्यटनको आधार प्रकृति हो र वन्यजन्तु त्यसकै एक अभिन्न अंग हो भन्ने तथ्य बोध गरेका थिए। त्यसैअनुसार वन्यजन्तु संरक्षणमा सहयोग पुर्‍याउने उद्देश्यले फोटोग्राफीलाई माध्यम बनाए।

उनी नेपालका वन्यजन्तुको ख्याति विश्वभर फैलाउन चाहन्थे। त्यसैअनुसार वन्यजन्तु फोटोग्राफीमा लागेका उनले हजारौं दुर्लभ दृश्य आफ्नो क्यामरामा कैद गरेका थिए।

त्यस्ता तस्बिर खिच्न उनी महिना दिनसम्म घना जंगल र अनकन्टार ठाउँ घुम्थे। कडा परिश्रम गर्थे। उनले जंगलमा धेरैपटक कठिन चुनौतीहरू सामना गर्नुपरेको थियो

तैपनि उनी थाकेनन्। आफ्नो तन, मन र धन यसैमा लगाए।

चुङ्बा वन्यजन्तुको फोटोग्राफीमा औधी रमाए। नेपाललाई विश्वमा चिनाए र आफू पनि चिनिए। यसैबाट ख्याति कमाए। उनले दुर्लभ वन्यजन्तुका तस्बिर खिच्ने दुर्लभ अवसर खोजी गरे।

यसैक्रममा चुङ्बासँग मेरो परिचय भएको थियो। तत्कालीन वन तथा वातावरणमन्त्री प्रेमबहादुर आले, सोही मन्त्रालयका वर्तमान सचिव दीपक खराल, राष्ट्रिय प्रकृति संरक्षण कोषका कार्यकारी निर्देशक सिद्धार्थ बज्राचार्य र म २०७७ चैत १९ गते डोटीबाट फर्केर बर्दिया राष्ट्रिय निकुञ्जनजिकै बबई रिसोर्टमा बसेका थियौं।

साँझ खाना खाने बेला कुनातिर बसेका एक अपरिचित व्यक्तिले हामीलाई भेट्न खोजेको अनुमान लगाएँ। मैले परिचयका लागि उनीतिर हात लम्काएँ। तिनै व्यक्ति रहेछन् चुङ्बा शेर्पा।

उनले आफू वन्यजन्तुको फोटो खिच्न बर्दिया आएको बताए, सयौं फोटा देखाए, केही फोटा मेरो मोबाइलमा पनि पठाइदिए। त्यो पहिलो परिचयमै म उनीसँग प्रभावित भएको थिएँ। कुराकानीको अन्त्यमा मैले राष्ट्रिय प्रकृति संरक्षण कोषको केन्द्रीय कार्यालय आउन निमन्त्रणा दिए। त्यसपछि हामी आआफ्नो गन्तव्यतिर लाग्यौं।

नभन्दै काठमाडौं फर्केपछि चुङ्बा केही थान तस्बिर बोकेर मेरो कार्यालयमा आए। बडो मृदुभाषी थिए। काममा अत्यन्तै उत्साह र लगाव थियो। वन्यजन्तुको संरक्षणमा केही न केही उपलब्धिको काम गरूँ भन्ने भावना र ऊर्जा थियो। हामी दुबैको भावना समान भएका कारण चाँडै कोषको केन्द्रीय कार्यालय परिसरमा वन्यजन्तुका तस्बिर प्रदर्शनी कक्ष निर्माण गर्ने निधो गर्‍यौं। फेरि चाँडै भेट्ने भनेर छुट्टियौं।

राष्ट्रिय प्रकृति संरक्षण कोषले आफ्नो स्थापनाको चालीसौं वार्षिकोत्सव मनाउने भयो। सोही अवसरमा कोषको केन्द्रीय कार्यालयमा चुङ्बाले खिचेका सयौं तस्बिर प्रदर्शन गर्ने गरी 'वन्यजन्तु फोटो प्रदर्शनी कक्ष' निर्माण भयो।

कोषको अडिटोरियम हल प्रवेश कक्षमा निर्मा गरिएको वन्यजन्तु फोटो प्रदर्शनी कक्षको कोषका संरक्षक रहेका तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उदघाटन गर्नुभयो। त्यो फोटो प्रदर्शनी कक्ष वन्यजन्तुको क्षेत्रमा कार्यरत कोषका लागि चुङ्बाको अमूल्य उपहार थियो। कोषले उनलाई प्रधानमन्त्री देउवामार्फत 'विशेष संरक्षण सम्मान' प्रदान गरेको थियो।

यसरी चुङ्बा शेर्पासँग म चाँडै निकट भएको थिएँ। बाक्लो संगत गर्ने अवसर पनि पाएको थिएँ। हाम्रो सम्बन्ध अझ गाढा हुँदै गएको थियो।

हामीले राज्यका विभिन्न निकायमार्फत संरक्षणको क्षेत्रमा योगदान पुर्‍याएका पूर्वप्रधान सेनापति गौरवशम्शेर जबरासहितका महानुभावहरू संलग्न 'कन्जरभेसन एलाइन्स नेपाल' स्थापना गर्‍यौं। त्यसमा चुङ्बा कार्यकारी सदस्य थिए। उनको आबद्धता निकै सक्रिय थियो।


चुङ्बा बैठकमा थोरै तर गहन कुरा बोल्थे। वन्यजन्तु फोटोग्राफीका क्रममा आफूले देखेका र भोगेका घटना सुनाउँथे। उनका कुरा सुनौंसुनौं लागिरहन्थ्यो। उनी दुर्लभ अनुभवका संग्रह थिए।

चुङ्बाको जन्मथलो खुम्बु क्षेत्रमा हिमाल हेर्न असंख्य पर्यटक आउँथे। उनी पर्यटकका लागि हिमालसँग हिमचितुवाको साइनो जोड्न तल्लीन थिए।


'खुम्बु क्षेत्रमा हिमचितुवा पनि पाइन्छ भन्नेबारे नेपाल र बाहिरी संसार उति साह्रो जानकार छैन। सरकारले पनि खुम्बु क्षेत्रमा हिमचितुवाको अध्ययन गरेन,' उनी भन्थे, 'म खुम्बुमा हिमचितुवाको अध्ययन गर्छु, तस्बिर खिच्छु र संसारलाई खुम्बुमा हिमचितुवा पनि हेर्न पाइन्छ भन्ने सन्देश पुर्‍याउँछु।'

हिमचुतुवाको अध्ययन चुङ्बाको सपना थियो। अध्ययनको प्रोजेक्ट विकासका लागि हामीले धेरै पटक परामर्श गरेका थियौं। उनले संरक्षण विधाका केही विद्वानहरूसँग पनि परामर्श गरेका थिए। अफ्सोच! उनको यो सपना पूरा हुन पाएन।

(लेखक शरद अधिकारी कन्जरभेसन एलाइन्स, नेपालका सचिव तथा राष्ट्रिय प्रकृति संरक्षण कोषका पूर्वसदस्य सचिव हुन्।)



# सूचना प्रविधि उद्यमी र विज्ञसँग प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सूचना र प्रविधिको सहायतामा घरमै बसीबसी एकै दिनमा कम्पनी र भ्याट दर्ताजस्ता काम गर्न सकिने गरी प्रणालीको विकास गरिने बताउनुभएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा मंगलबार सूचना प्रविधि क्षेत्रका उद्यमी र विज्ञसँग छलफल गर्दै प्रधानमन्त्री ओलीले अहिलेको समय सूचना र प्रविधिको भएकाले यसलाई बुझेर काम गर्नुपर्छ भन्नेमा आफूले विगतदेखि नै प्रयास गर्दै आएको स्पष्ट पार्नुभयो ।

कार्यक्रमका सहभागी उद्यमी र विज्ञहरुले हालै सरकारले ल्याएको अध्यादेशमा नेपालीले सूचना प्रविधि क्षेत्रमा अन्तर्राष्ट्रिय कम्पनी खोल्न सक्ने र लगानी स्वदेश तथा विदेशमा आदानप्रदान हुने खालको सहजीकरणको व्यवस्थाले आफूहरुलाई उत्साहित तुल्याएको भन्दै प्रधानमन्त्री ओली र सरकारलाई धन्यवाद दिएका थिए ।रासस

# प्रदेशसभामा विधेयक माथि सैद्धान्तिक छलफल सुरु




विराटनगर । कोशी प्रदेशसभाको मंगलबारको बैठकमा 'मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाको अन्य शर्तसम्बन्धी ऐन, २०७५'लाई संशोधन गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल सुरु भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले सो विधेयक विचार गरियोस् भनी सभामा पेस गर्नु भएको थियो ।

उद्योग, कृषि तथा सहकारीमन्त्री खगेनसिंह हाङ्गामका तर्फबाट मन्त्री भण्डारीले 'प्रदेश जीव नाशक विषादी व्यवस्थापन गर्न बनेको विधेयक' सदनमा पेस गर्नुभयो ।

उहाँले संविधानमा साझा अधिकारभित्र परेको यो ऐनमार्फत विषादीको प्रयोग, आयात, वितरण र भण्डारण, नवीकरणजस्ता विषयलाई व्यवस्थित गर्न ऐन आवश्यक भएको बताउनुभयो ।

छलफलमा प्रदेशसभा सदस्य रमेशकुमार वस्नेत र किशोरचन्द्र दुलालले प्रस्तुत ऐन मुख्य न्यायाधिवक्ताको सेवा र सुविधा बढाउन मात्र नभई असल शासन र कुशल प्रशासनका लागि उचित छ भन्नुभयो ।

विशेष समय

विशेष समयमा नेपाली कांग्रेसका विनोद राईले बिजुली उत्पादनको नाममा गाउँबस्ती विस्थापित हुनुहुँदैन भन्नुभयो ।उहाँले किसानलाई मल र बीउको व्यवस्था गर्न माग गर्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रेमराज थाम्साङले गत असोजको बाढीबाट प्रभावित भएकालाई सहयोग गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

शून्य समय

शून्य समयमा मुलुकको समसामयिक विषयमा प्रदेशसभा सदस्य भीम पराजुली, मैया श्रेष्ठ, तीलचन पाठक, प्रदीपकुमार सुनुवार, रामदेव यादव, कमलप्रसाद जवेगु, सविना बजगाँई, गोविन्द गिरी र शोभा चेम्जोङले सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । प्रदेशसभाको अर्को बैठक बुधबार अपराह्न २:०० बजे बस्नेछ ।रासस

# सप्तकोशीको कटान रोक्न अस्थायी र दीर्घकालिन योजना तयार गर्छौं : गृहमन्त्री लेखक



उदयपुर । गृहमन्त्री रमेश लेखकले सप्तकोशी नदीको कटान रोक्न तत्काल अस्थायी र दीर्घकालिन योजना तयार गरिने बताउनुभएको छ । उदयपुरको बेलका नगरपालिका क्षेत्रस्थित सप्तकोशी नदीको कटान क्षेत्रको आज अनुगमन गर्दै उहाँले कटान रोक्न आवश्यक पहल गरिने बताउनुभयो ।

"सप्तकोशीले गर्ने कटान रोक्न अस्थायी र दीर्घकालिन योजनासहित सरकारले कदम चाल्छ", गृहमन्त्री लेखकले भन्नुभयो । तत्कालका लागि विपद् व्यवस्थापन विभागबाट अस्थायी योजना सञ्चालन गरेर भए पनि कटान रोक्न पहल गरिने उहाँको भनाइ थियो । तर स्थायी रुपमा कटान रोक्न मित्र राष्ट्र भारतसँग सहमति गरेर अघि बढ्ने मन्त्री लेखकले उल्लेख गर्नुभयो ।

गृहमन्त्री लेखकले मंगलबार बेलका नगरपालिका-८ को सिसौली, सप्तकोशी पुल क्षेत्रको लाहुरेखौंज र वडा नं ७ का कोठु क्षेत्रको नदी कटान क्षेत्रको अवलोकन गर्नुभएको हो । तत्काल बेलकास्थित सप्तकोशी पुलदेखि तीन किलोमिटर तलसम्म अस्थायी तटबन्धको योजना तयार गरेर नियन्त्रण गरिने तथा सप्तकोशी पुलदेखि ११ किलोमिटर तल सप्तरीसम्मको क्षेत्र कटान रोक्न स्थायी योजना ल्याउने तयारी गरिएको गृहमन्त्री रमेश लेखकले बताउनुभयो ।


उहाँसँगै नेपाली कांग्रेसका नेता तथा उदयपुर निर्वाचन क्षेत्र नं १ का सांसद डा नारायण खड्काले समेत कटान क्षेत्रको अनुगमन गर्नुभएको थियो ।

बर्सेनि सप्तकाशीको बाढीले तटीय क्षेत्रमा कटान गर्दैआएको छ । कटानका कारण यहाँ सयौं परिवार विस्थापित भएका बेलका नगरपालिकाका नगरप्रमुख अशोक कार्कीले बताउनुभयो ।

"तत्काल उच्च जोखिम रहेको तीन किलोमिटर क्षेत्रमा यसै वर्षदेखि अस्थायीरुपमा भए पनि तटबन्धको योजना अघि बढाउन गृहमन्त्री लेखकमार्फत सरकारको ध्यानाकर्षण गराएका छौं", उहाँले भन्नुभयो ।

गृहमन्त्री लेखकले मंगलबारै सप्तकोशी नदी कटानको अवलोकनपछि त्रियुगा नदीको कटान क्षेत्रको अनुगमन गर्नुभएको सांसद डा खड्काले बताउनुभयो ।रासस

# जलविद्युत् क्षेत्रमा लगानी गर्न दातृ निकायलाई ऊर्जामन्त्री खड्काको आग्रह



उक्त मार्गचित्र ऊर्जा सुरक्षा, दिगोपन र समावेशी आर्थिक वृद्धिको "रोडम्याप" भएको मन्त्री खड्काले बताउनुभयो ।

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जलविद्युत्जका क्षेत्रमा लगानी गर्न दातृ निकायलाई आग्रह गर्नुभएको छ ।

नेपालमा सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ गत पुस १६ गते बसेको मन्त्रिपरिषद् बैठकले 'ऊर्जा विकास मार्गचित्र-२०८१' स्वीकृत गरेसँगै लगानी जुटाउनका लागि ऊर्जामन्त्री खड्काले दातृ निकायका प्रमुख एवं प्रतिनिधिसँग आज छलफल गर्नुभएको हो । मन्त्री खड्काले नेपालको ऊर्जा क्षेत्रको विकासका लागि यसअघि दातृ निकायबाट भएको सहयोगप्रति धन्यवाद दिँदै आगामी दिनमा यसलाई निरन्तरता दिन आग्रह गर्नुभयो । ऊर्जा विकास मार्गचित्रले नेपाललाई क्षेत्रीय ऊर्जा केन्द्रका रुपमा रूपान्तरण गर्न, राष्ट्रिय र सीमापार पूर्वाधारलाई बलियो बनाउँदै आर्थिक समृद्धिलाई अगाडि बढाउन सहयोग पुग्ने उहाँको भनाइ थियो ।

उक्त मार्गचित्र ऊर्जा सुरक्षा, दिगोपन र समावेशी आर्थिक वृद्धिको 'रोडम्याप' भएको मन्त्री खड्काले बताउनुभयो । उहाँले मार्गचित्रले उत्पादनसँगै अन्तरदेशीय प्रसारण लाइनको विकासमा विशेष ध्यान दिएको उल्लेख गर्नुभयो ।

जलस्रोतको पर्याप्त सम्भावना भएको नेपालले ऊर्जा क्षेत्रमा लगानीका लागि अतुलनीय अवसरहरू प्रदान गर्ने उहाँले बताउनुभयो ।

विश्व बैंकको सहयोगमा निर्माण हुन लागेको माथिल्लो अरुण जलाशययुक्त आयोजना, एसियाली विकास बैंकको सहयोगमा निर्माण हुन लागेको दूधकोशी जलाशयुक्त आयोजना समयमै निर्माण हुने मन्त्री खड्काले विश्वास व्यक्त गर्नुभयो । उहाँले उक्त मार्गचित्र नेपालको जलविद्युत् क्षेत्रको विशाल क्षेत्र र सम्भावनालाई उजागर गर्ने मार्गदर्शक दस्तावेजका रूपमा प्रमाणित हुने विश्वास व्यक्त गर्नुभयो । मुलुकको आर्थिक विकासका लागि निर्माण भएको उक्त मार्गचित्रलाई कार्यान्वयनका लागि विकास साझेदार, अन्तर्राष्ट्रिय कूटनीतिक नियोग, अन्तर्राष्ट्रिय संस्था र समुदायलाई मन्त्री खड्काले आग्रह गर्नुभयो ।

जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव मधुप्रसाद भेटुवालले सरकारले राखेको ऊर्जा विकासको मार्गचित्रको लक्ष्यलाई पूरा गर्न दातृ निकायको ठूलो साथ र सहयोग आवश्यक रहेको बताउनुभयो । उहाँले ऊर्जा उत्पादन, प्रसारण र वितरणमा चुनौती रहेको उल्लेख गर्दै उक्त चुनौतीलाई समाधान गर्न सबै एकजुट भएर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

विद्युत् नियमन आयोगका अध्यक्ष डा रामप्रसाद धितालले ऊर्जा विकास मार्गचित्र नेपालको ऊर्जा क्षेत्रको विकासमा महत्वपूर्ण दस्तावेज भएको भन्दै यसलाई कार्यान्वयन गर्न विकास साझेदार संस्थाको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका वरिष्ठ ऊर्जाविज्ञ प्रबल अधिकारीले उर्जा विकास मार्गचित्रले राखेको लक्ष्य पूरा गर्न ४६.५ अर्ब अमेरिकी डलर आवश्यक पर्ने बताउनुभयो । उहाँले हाल ११ हजार एक सय ६१ मेगावाट विद्युत् खरिद सम्झौता (पिपिए) भइसकेको र १२ हजार नौ सय ६८ मेगावाट विद्युत् (पिपिए) हुने चरणमा रहेकाले सरकारले राखेको विद्युत् उत्पादनको लक्ष्य पूरा गर्न समस्या नहुने उल्लेख गर्नुभयो ।

विद्युत् विकास विभागका महानिर्देशक नवीनराज सिंहले ऊर्जा विकास मार्गचित्रलाई कार्यान्वयन गर्न ठूलो बजेटको खाँचो रहेको भन्दै यसलाई पूरा गर्न सबैको हातेमालो आवश्यक रहेको बताउनुभयो । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा विकास मार्गचित्रले राखेको लक्ष्य पूरा गर्न प्राधिकरणले जलाशययुक्त आयोजना निर्माणमा ध्यान दिएको बताउनुभयो । उहाँले नेपालको विद्युत् विकासमा दातृ निकायले गरेको सहयोगप्रति आभार व्यक्त गर्नुभयो ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले ऊर्जा विकास मार्गचित्रलाई प्राथमिकतामा राखेर केन्द्रले आगामी दिनमा आफ्ना कार्यक्रमलाई अगाडि बढाउन लागेको बताउनुभयो । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले ऊर्जा विकास मार्गचित्र नेपालको उर्जा विकासको क्षेत्रमा ऐतिहासिक भएकाले यसलाई कार्यान्वयन गर्न निजी क्षेत्रको पूर्ण सहयोग रहेको उल्लेख गर्नुभयो ।

एसियाली विकास बैंकका देशीय निर्देशक अर्नाउड काइचोइसले नेपालको ऊर्जा क्षेत्रको विकासमा दातृ निकायले लामो समयदेखि सहयोग गर्दै आएको र सरकारले राखेको ऊर्जा विकास मार्गचित्रको लक्ष्य पूरा गर्न आगामी दिनमा पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले दक्षिण एसियाली मुलुकको अर्थतन्त्र सुधार गर्न्न यस्ता कार्यक्रमलबाट सहयोग पुग्ने बताउनुभयो ।

छलफलमा एशियाली विकास बैंक (एडिबी)सँगै विश्व बैंक, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका), जर्मन फेडरल इन्टरप्राइज फर इन्टर नेसनल कोअपरेसन (जिआइजेड), अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी), संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी), नर्वेजियन राजदूतावासलगायत दातृ निकायका प्रमुख एवं प्रतिनिधिको सहभागिता रहेको थियो ।रासस

# बिरामीको चाप घटाउन सुरक्षा निकायका अस्पतालसँग सहकार्य प्रस्ताव



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सरकारी अस्पतालमा बिरामीको चाप घटाउन सुरक्षा निकायद्वारा सञ्चालित अस्पतालहरुसँग सहकार्य प्रस्ताव गरेको छ ।

प्रहरी महानिरीक्षक तथा सेनाद्वारा सञ्चालित स्वास्थ्य संस्थाका प्रमुखहरुसँग मंगलबार बसेको बैठकमा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सरकारी अस्पतालमा पालो कुर्नुपर्ने अवस्था हुँदा सुरक्षा निकायका अस्पतालमा 'अपरेसन वार्ड' खाली भएमा सेवा उपलब्ध गराउने गरी सहकार्यको प्रस्ताव गर्नुभएको हो ।

मन्त्री पौडेलले भन्नुभयो, "सङ्घीय अस्पतालहरुमा 'सिफ्ट' थप्ने तथा अतिरिक्त समयमा काम गरी बिरामीको चाप व्यवस्थापन भइरहेको छ । सरकारीमा चाप भएका बेला सुरक्षा निकायका अस्पतालमा 'रेफर' गरेर कसरी उपचार दिन सकिन्छ, सहकार्य आवश्यक छ ।" उहाँले स्वास्थ्य बिमा कार्यक्रम सुरक्षा निकायका अस्पतालमा प्रभावकारी बनाउनेबारे सुझाव दिनसमेत आग्रह गर्नुभयो ।

सुरक्षा निकायका अस्पतालसँग सहकार्य गरी सरकारी अस्पतालको चाप व्यवस्थापनका लागि आवश्यक खाका तयार पार्न अतिरिक्त सचिव डा टङ्क बारकोटीको नेतृत्वमा गत साता मन्त्रालयले कार्यदल बनाएको छ ।

त्यसैगरी, मन्त्री पौडेलले आपत्कालीन अवस्थामा नागरिकको उद्धारका लागि एयर एम्बुलेन्स नभएकाले सहयोग गर्न सेनासँग आग्रह गर्नुभयो । बैठकमा प्रहरी महानिरीक्षक बसन्त कुँवर तथा सेनाका उच्च अधिकारीको सहभागिता थियो ।रासस

HELVETAS NEPAL
swisscontact

## TRAINEESHIP OPPORTUINITY

The Swiss Agency for Development and Cooperation (SDC) is a leading Development partner in Nepal supporting the Government of Nepal to bring reform in the Technical and Vocational Education and Training (TVET) sector through its projects namely, Nepal Vocational Qualifications System (NVQS), Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE) and Quality Technical and Vocational Education and Training (TVET) for Youth Project (QualiTY). On behalf of the Swiss Agency for Development and Cooperation (SDC), Swisscontact Nepal through NVQS and QualiTY, and HELVETAS Nepal through ENSSURE project provide Technical Assistance to the Government of Nepal.

SDC offers traineeship opportunities for fresh graduates to support the Government of Nepal in developing the required capacities in the TVET sector in an inclusive way. Traineeship provides a platform where youths can develop abilities that are required to take up employment opportunities in the TVET sector, including at provincial and local governments. In this regard, on behalf of SDC, NVQS and QualiTY, projects Swisscontact Nepal and ENSSURE project, HELVETAS Nepal, invites applications from the recently graduated interested youth for the following traineeship positions:

**Position** : Trainee Technical and Vocational Education and Training (TVET) Officer (**23 numbers**)

**Location** : Project Support Unit (PSU), Bhaktapur – 2 and Provincial Project Support Unit at provinces – (21)

**Duration** : One year

**Required Education, Experience, and Skills:**

- **Bachelor's degree** in development studies, Rural Development, Economics, Engineering, Agriculture, Hospitality, Management or any discipline.
- Graduated in year 2023 or 2024 (between **21 and 28 years** of age) with no prior job experience.
- Basic skills in Microsoft Word, Excel, and PowerPoint.
- Individuals graduated from the Government schools/colleges will be given priority

**Application Procedures:**

Interested candidates who meet the above requirements should submit – (a) Current CV (b) a cover letter/motivation letter (c) certificates of academic degrees ( from SEE till highest degree and (d) a copy of citizenship through the link: www.kantipurjob.com latest by 6 February 2025.

Swisscontact Nepal and/or HELVETAS shall not entertain any phone inquiries or other such solicitations for this position. Only shortlisted candidates will be contacted for the selection process. Swisscontact Nepal and/or HELVETAS Nepal reserves the right to reject any or all applications.

**Note: This traineeship program is not a permanent employment opportunity with any project of HELVETAS and Swisscontact Nepal.**

**HELVETAS Nepal and Swisscontact Nepal promote workforce diversity and apply positive discrimination to candidates from disadvantaged groups (who include those disadvantaged due to gender, age, disability, social identity (caste/ethnicity/religion), diverse sexual orientation, gender identity and expressions and sex characteristics (SOGIESC), location and income status.**

# ‘प्रिय मित्र’ : ट्रम्पको शपथग्रहणमा राष्ट्रहरूको प्रतिक्रिया



एएफपी

पेरिस । विश्वभरका नेताहरूले सोमबार बधाई दिँदै र अस्थिर नेतासँग राम्रो सम्बन्धको आग्रह गर्दै डोनाल्ड ट्रम्पको ह्वाइट हाउस पुनरागमनमा प्रतिक्रिया दिएका छन् । यहाँ ट्रम्पले दोस्रो कार्यकालका लागि शपथ लिनुभएपछिका केही प्रतिक्रिया छन् ः

**न्यायपूर्ण शान्ति : युक्रेन**

“राष्ट्रपति ट्रम्प सधैँ निर्णायक हुनुहुन्छ र उहाँले घोषणा गर्नुभएको शक्तिमार्फत शान्तिको नीतिले अमेरिकी नेतृत्व सुदृढ गर्ने र दीर्घकालीन तथा न्यायपूर्ण शान्ति हासिल गर्ने अवसर प्रदान गर्छ, जुन सर्वोच्च प्राथमिकता हो”, युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले भन्नुभयो ।

**दीर्घकालीन शान्ति : रूस**

ट्रम्पलाई बधाई दिँदै र युक्रेन युद्धबारे नयाँ अमेरिकी प्रशासनसँग संवादका लागि आफू खुला रहेको भन्दै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भन्नुभयो, “म यो कुरामा जोड दिन चाहन्छु कि यसको लक्ष्य छोटो युद्धविराम हुनुहुँदैन... तर सबै मानिसहरूको वैध हितको सम्मानमा आधारित स्थायी शान्ति हुनुपर्छ ।”

**रक्षा खर्च ‘टर्बो-चार्ज’ : नाटो**

नाटो प्रमुख मार्क रुटेले ट्रम्पको पुनरागमनले गठबन्धनमा ‘रक्षा खर्च र उत्पादनलाई टर्बो-चार्ज गर्ने’ बताउनुभयो ।

‘सर्वोत्तम दिनहरू’ आउन बाँकी : इजरायल

“म विश्वास गर्छु कि फेरि सँगै काम गर्दा हामी अमेरिका-इजरायल गठबन्धनलाई अझ उच्च शिखरमा पुऱ्याउनेछौँ”, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले भन्नुभयो, “हाम्रो गठबन्धनका सर्वोत्तम दिनहरू अझै आउन बाँकी छन् ।”

**‘दुई-राज्य समाधान’ : प्यालेस्टिनी**

“तपाईंको कार्यकालमा दुई-राज्य समाधानमा आधारित शान्ति हासिल गर्न तपाईंसँग काम गर्न हामी तयार छौँ”, प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले भन्नुभयो, “यसको अर्थ हाम्रो क्षेत्र र विश्वमा सुरक्षा र स्थिरता सुनिश्चित गर्दै प्यालेस्टिन राज्य र इजरायल राज्य सुरक्षा र शान्तिका साथमा बस्छन् ।”

**मध्य पूर्वमा शान्ति : सिरिया**

“उहाँ मध्यपूर्वमा शान्ति ल्याउने र क्षेत्रमा स्थिरता पुनर्स्थापना गर्ने नेता हुनुहुन्छ भन्नेमा हामी विश्वस्त छौँ”, सिरियाका नयाँ नेता अहमद अल-साराले भन्नुभयो ।

अमेरिका, इटाली ‘विश्वव्यापी चुनौतीहरू’ को सामना

“म निश्चित छु कि विश्वव्यापी चुनौतीहरूको सामना गर्दै र हाम्रा जनताका लागि समृद्धि र सुरक्षाको भविष्य निर्माण गर्दै हाम्रा राष्ट्रहरूबीचको मित्रता र हामीलाई एकजुट गर्ने मूल्यहरूले इटाली र अमेरिकाबीचको सहकार्यलाई निरन्तर बलियो बनाउनेछ”, इटालीका प्रधानमन्त्री जोर्जिया मेलोनीले भन्नुभयो । उहाँले ‘संयुक्त राज्य अमेरिका र युरोपबीचको संवाद सुदृढ गर्ने’ इटालीको भूमिकाको पनि उल्लेख गर्नुभयो ।

**सम्मान : मेक्सिको**

“छिमेकी र व्यापारिक साझेदारका रूपमा संवाद, सम्मान र सहयोग सधैँ हाम्रो सम्बन्धको प्रतीक हुनेछ”, मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबमले भन्नुभयो ।

नहर पनामाकै रहने : राष्ट्रपति

अमेरिकाले पनामा नहरलाई ‘फिर्ता लिने’ ट्रम्पको प्रतिज्ञामाथि पनामाले कडा प्रतिक्रिया दिँदै प्रमुख अन्तरमहासागरीय जलमार्ग आफ्नो नियन्त्रणमा रहने बताएको छ । “यो नहर पनामाको हो र रहनेछ”, राष्ट्रपति जोस राउल मुलिनोले भन्नुभयो ।

**नजिकबाट काम : इयु**

“युरोपेली सङ्घ (इयु) विश्वव्यापी चुनौतिहरूको सामना गर्न तपाईँसँग नजिकबाट काम गर्न तत्पर छ”, युरोपेली सङ्घका प्रमुख उर्सुला भोन डेर लेयनले भन्नुभयो, “सँगै, हाम्रा समाजहरूले अधिक समृद्धि हासिल गर्न सक्छन् र उनीहरूको साझा सुरक्षालाई बलियो बनाउन सक्छन् ।”

**हाम्रो पालो : हङ्गेरी**

“संयुक्त राज्य अमेरिकाको ४७औँ राष्ट्रपतिको रूपमा शपथग्रहण गर्नुभएकोमा राष्ट्रपति ट्रम्पलाई बधाई !”, हङ्गेरीका राष्ट्रवादी प्रधानमन्त्री भिक्टर ओर्बनले एक्समा पोस्ट गर्नुभयो, “अब चम्किने हाम्रो पालो हो ! ब्रसेल्स कब्जा गर्ने हाम्रो पालो !”

**प्रिय मित्र : भारत**

“हाम्रा दुवै देशको लाभका लागि र विश्वको राम्रो भविष्य बनाउन म फेरि एकपटक नजिकबाट काम गर्न तत्पर छु”, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्ना ‘प्रिय मित्र’ ट्रम्पलाई बधाई दिँदै भन्नुभयो ।

**सागै काम गर्दा ‘सबैभन्दा बलियो’ क्यानाडा**

“हामी सँगै काम गर्दा सबैभन्दा बलियो हुन्छौँ र म राष्ट्रपति ट्रम्पसँग काम गर्न तत्पर छु”, ट्रम्पले क्यानाडाली आयातमा २५ प्रतिशत भन्सार लगाउने धम्की दिनुभएपछि क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले भन्नुभयो, “क्यानाडा र संयुक्त राज्य अमेरिकासँग विश्वकै सबैभन्दा सफल आर्थिक साझेदारी छ ।”

**नजिकको मित्र : जर्मनी**

“अमेरिका हाम्रो सबैभन्दा नजिकको सहयोगी हो र हाम्रो नीतिको उद्देश्य सधैँ राम्रो ट्रान्सएटलान्टिक सम्बन्ध हो”, जर्मन चान्सलर ओलाफ स्कोल्जले भन्नुभयो ।

**ढोका खुला छ : संयुक्त राष्ट्र जलवायु प्रमुख**

“पेरिस सम्झौताका लागि ढोका खुला छ र हामी कुनै पनि र सबै देशबाट रचनात्मक संलग्नतालाई स्वागत गर्छौं”, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन कार्यकारी सचिव साइमन स्टिलले भन्नुभयो ।

ट्रम्पले पद सम्हालेपछि छोटो समयमै सम्झौताबाट अमेरिकालाई बाहिर निकाल्ने आदेशमा हस्ताक्षर गर्नुभएको थियो ।

**साझा लक्ष्य : जापान**

“म तपाईंसँग दीर्घकालीन जापान-अमेरिका साझेदारी सुदृढ गर्न र स्वतन्त्र तथा खुला इन्डो-प्यासिफिकको हाम्रो साझा लक्ष्यको संयुक्त रूपमा खोजी गर्न सहकार्य गर्न तत्पर छु”, जापानी प्रधानमन्त्री शिगेरु इशिबाले भन्नुभयो ।

**ऐतिहासिक साझेदार : ब्राजिल**

“म आशा गर्छु कि (ट्रम्प) को सफल प्रशासन होस् र अमेरिकीहरू ब्राजिलको ऐतिहासिक साझेदार बनिरहून्”, देशका वामपन्थी राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले भन्नुभयो ।

कार्यकारी आदेशको वर्षासँगै अमेरिकाको बागडोर सम्हाल्दै ट्रम्प

आप्रवासनदेखि वातावरण र सांस्कृतिक युद्धसम्म सबै विषयमा आफ्नो शपथग्रहणको केही घण्टापछि हस्ताक्षर गरिएको कार्यकारी आदेशको लहरमा सवार भएर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार आफ्नो कार्यकालको पहिलो पूर्ण दिन सुरु गर्नुभएको छ ।

आफ्नो शपथग्रहण समारोहको धुमधाम र कार्यकारी आदेशहरूको आश्चर्यजनक शृङ्खलापछि राष्ट्रपतिको मङ्गलबार एक गम्भीर कार्यक्रमबाट सुरु हुँदैछ ः राष्ट्रिय गिर्जाघरमा प्रार्थना सेवा ।

अठहत्तर वर्षीय ट्रम्पले अन्तिम पटक जनवरीको सुरुमा दिवङ्गत राष्ट्रपति जिमी कार्टरको अन्त्येष्टिमा अमेरिकी राजधानीको नियो-गोथिक चर्चको भ्रमण गर्नुभएको थियो ।

पेरिस जलवायु सम्झौता र विश्व स्वास्थ्य सङ्गठनबाट फिर्ता हुने प्रक्रिया सुरु गर्ने सहित सोमबार गरेका कार्यहरूको वर्षा देश र विश्वले पचाइरहेको बेला ट्रम्पबाट थप कार्यकारी आदेशहरू आउने वा नआउने अस्पष्ट थियो ।

> आफ्नो शपथग्रहण समारोहको धुमधाम र कार्यकारी आदेशहरूको आश्चर्यजनक शृङ्खलापछि राष्ट्रपतिको मङ्गलबार एक गम्भीर कार्यक्रमबाट सुरु हुँदैछ : राष्ट्रिय गिर्जाघरमा प्रार्थना सेवा । अठहत्तर वर्षीय ट्रम्पले अन्तिम पटक जनवरीको सुरुमा दिवङ्गत राष्ट्रपति जिमी कार्टरको अन्त्येष्टिमा अमेरिकी राजधानीको नियो-गोथिक चर्चको भ्रमण गर्नुभएको थियो । पेरिस जलवायु सम्झौता र विश्व स्वास्थ्य सङ्गठनबाट फिर्ता हुने प्रक्रिया सुरु गर्ने सहित सोमबार गरेका कार्यहरूको वर्षा देश र विश्वले पचाइरहेको बेला ट्रम्पबाट थप कार्यकारी आदेशहरू आउने वा नआउने अस्पष्ट थियो ।

एक एरिनामा गर्जिरहेका समर्थकहरूको सामु र त्यसपछि ओभल कार्यालयमा हस्ताक्षर गरिएको नीतिगत परिवर्तनहरूको लामो सूचीले आठ वर्षअघिको तुलनामा ट्रम्पको बढेको तयारीको स्पष्ट प्रतीक प्रस्तुत गऱ्यो । आठ वर्षअघि उहाँ शून्य शासन अनुभवका साथ ह्वाइट हाउस प्रवेश गर्नुभएको थियो ।

चिसो मौसमका कारण भित्र आयोजित समारोहमा क्यापिटलमा शपथ लिएपछिको भाषणमा रिपब्लिकन राष्ट्रपति ट्रम्पले डेमोक्रेट जो बाइडेनको चार वर्षे राष्ट्रपति कार्यकालपछि ‘अमेरिकाको पतन समाप्त भएको छ’ भन्नुभयो । उहाँले प्रतिज्ञा गर्दै भन्नुभयो, “अमेरिकाको स्वर्णिम युग अहिलेबाट सुरु हुन्छ ।”

बयासी वर्षीय बाइडेनले शपथग्रहण समारोहमा आफ्नो एकल कार्यकालको अन्त्येष्टि पाठ पढिरहेका आफ्नो राजनीतिक शत्रुलाई कठोर मुद्रामा हेर्नुभयो ।

तर धुमधाम र समारोहपछि कहिलेकाहीँ बलियो नेता शैलीको वाक्यांशका साथ दिनको पछिल्लो समयमा देखिनुभएको थियो पहिलो कार्यकालका शोम्यान ट्रम्प ।

“के तपाईं बाइडेनले यस्तो गरेको कल्पना गर्न सक्नुहुन्छ ? मलाई लाग्दैन”, ट्रम्पले वासिङ्टनको एक खेलकुद एरिनामा हर्षित भीडलाई पहिलो चरणका आदेशहरूमा हस्ताक्षर गर्न प्रयोग गरेका कलमहरू फ्याँक्दै भन्नुभयो ।

**जनवरी ६ का माफीहरू**

ओभल कार्यालयमा फर्केर उहाँले थप आदेशहरूमा हस्ताक्षर गर्दै एक अनौपचारिक ५० मिनेटको पत्रकार सम्मेलन गर्नुभयो । कार्यकारी आदेशमा करिब एक हजार पाँच सय क्यापिटल दङ्गाकारीहरूलाई माफी दिने एक आदेश समावेश थियो ।

उनीहरूलाई सन् २०२१ जनवरी ६ मा बाइडेनको चुनावी विजय प्रमाणीकरण रोक्न खोज्ने हजारौँ ट्रम्प समर्थकहरूद्वारा कांग्रेसमाथि गरिएको आक्रमणमा भाग लिएको आरोपमा मुद्दा चलाइएको थियो ।

“उनीहरू आज राति खुलेर बाहिर आउनेछन् भन्ने हामीलाई आशा छ”, ट्रम्पले भन्नुभयो, “उनीहरूले यसको अपेक्षा गरिरहेका छन् ।”

उहाँले मेक्सिको सीमामा राष्ट्रिय आपत्काल घोषणा गर्ने आदेशमा हस्ताक्षर गर्नुभयो र कमला ह्यारिसमाथिको आफ्नो चुनावी विजय हासिल गराउने प्रमुख चुनावी मुद्दा गैरकानूनी आप्रवासनको सामना गर्न अमेरिकी सेना तैनाथ गर्ने बताउनुभयो ।

राष्ट्रपतिमा पुनरागमन गर्नुभएका उहाँले प्रायः राष्ट्रवादी स्वरमा व्यापार शुल्क लगाउने, मेक्सिकोको खाडीको नाम ‘अमेरिकाको खाडी’ राख्ने र सन् १९९९ देखि मध्य अमेरिकी देशको नियन्त्रणमा रहेको पनामा नहरलाई ‘फिर्ता’ प्रतिज्ञा गर्नुभयो ।

तर उहाँले पद सम्हाल्नु अघि युक्रेनमा शान्ति सम्झौता गर्ने आफ्ना पूर्व प्रतिज्ञाहरूलाई कम महत्त्व दिनुभयो । उहाँले भ्लादिमिर पुटिनलाई भेट्ने पुष्टि गर्नुभयो र पुटिनले युद्ध अन्त्य गर्न सम्झौता नगरी ‘रुसलाई नष्ट’ गरिरहेको बताउनुभयो ।

अमेरिकी सेवा सदस्यहरूसँग ‘कमान्डर-इन-चिफ’ कार्यक्रमबाट सुरु गर्दै ट्रम्प र प्रथम महिला मेलानिया ट्रम्पले पछि धेरै उद्घाटन नृत्यहरूमा भाग लिनुभयो ।

“राजनीतिक एजेन्डाको बारेमा चिन्ता गर्नुको सट्टा तपाईंले यसको बारेमा चिन्ता गर्नुपर्दैन”, ट्रम्पले संक्षिप्त भाषणमा भीडलाई भन्नुभयो, “यो केवल अमेरिकाका शत्रुहरूलाई पराजित गर्ने एउटा ध्यान हो । हामी पराजित हुनेछैनौँ । हामी अपमानित हुनेछैनौँ । हामी केवल जित्नेछौँ, जित्नेछौँ, जित्नेछौँ !”

पहिलो पटक राष्ट्रपति पदको दौडमा पोर्न स्टारलाई पैसा दिएको अभियोगमा दोषी ठहरिएपछि ट्रम्पले पदभार ग्रहण गर्ने सबैभन्दा पुरानो राष्ट्रपति र पहिलो अपराधी दुवैका रूपमा इतिहास रच्नुभएको छ ।

उहाँ सन् १८९३ मा ग्रोभर क्लिभल्यान्डपछि सत्तामा फर्कने अमेरिकी इतिहासमा दोस्रो राष्ट्रपति पनि हुनुहुन्छ ।

आर्थिक असमानतालाई उद्धृत गर्दै डब्लुएचओबाट अमेरिकालाई हटाउने आदेशमा ट्रम्पको हस्ताक्षर

राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) बाट संयुक्त राज्य अमेरिकालाई फिर्ता लैजाने निर्देशन दिने कार्यकारी आदेशमा हस्ताक्षर गर्नुभएको छ । ट्रम्पले कोभिड-१९ महामारी व्यवस्थापनको विषयमा डब्लुएचओको पटक-पटक आलोचना गर्नुभएको थियो ।

आफ्नो शपथग्रहणको केही घण्टापछि ह्वाइट हाउसमा बोल्दै उहाँले संयुक्त राज्य अमेरिकाले संयुक्त राष्ट्रसङ्घको निकायलाई चीनको तुलनामा धेरै बढी भुक्तान गरिरहेको उल्लेख गर्दै भन्नुभयो, “विश्व स्वास्थ्यले हामीलाई ठगेको छ ।”

जेनेभा-स्थित सङ्गठनको सबैभन्दा ठूलो दाता संयुक्त राज्य अमेरिकाले डब्लुएचओको कार्यसञ्चालनका लागि महत्त्वपूर्ण वित्तीय सहयोग प्रदान गर्दछ ।

यसको फिर्तीले संस्थाको महत्त्वपूर्ण पुनर्संरचना गर्ने अपेक्षा गरिएको छ र यसले विश्वव्यापी स्वास्थ्य पहलहरूलाई थप अवरुद्ध गर्न सक्छ ।

ट्रम्पले डब्लुएचओसँगको सम्बन्ध तोड्न खोजेको यो दोस्रो पटक हो ।

आफ्नो पहिलो कार्यकालमा संयुक्त राज्य अमेरिकाले महामारीको सुरुआती चरणमा सङ्गठन चीनबाट अत्यधिक प्रभावित भएको आरोप लगाउँदै फिर्ता हुने आशयको सूचना जारी गरेको थियो ।

त्यो कदम पछि पूर्वराष्ट्रपति जो बाइडेनको प्रशासनअन्तर्गत उल्ट्याइएको थियो ।

**चीनद्वारा समर्थनको प्रतिज्ञा**

बेइजिङमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले बेइजिङले डब्लुएचओलाई समर्थन जारी राख्ने बताएका छन् । “डब्लुएचओको भूमिका कमजोर नभई बलियो मात्र हुनुपर्छ”, गुओ जियाकुनले भन्नुभयो, “चीनले सधैँझैँ डब्लुएचओलाई आफ्नो जिम्मेवारी पूरा गर्न सहयोग गर्नेछ... र मानवताका लागि स्वास्थ्यको साझा समुदाय निर्माण गर्ने दिशामा काम गर्नेछ ।”

आफ्नो नयाँ कार्यकारी आदेशमा ट्रम्पले एजेन्सीहरूलाई ‘संयुक्त राज्य सरकारको कुनै पनि कोष, समर्थन, वा विश्व स्वास्थ्य सङ्गठनलाई स्रोतहरू हस्तान्तरणलाई रोक्न’ र ‘विश्व स्वास्थ्य सङ्गठनले पहिले गरेको आवश्यक गतिविधिहरू ग्रहण गर्न विश्वसनीय र पारदर्शी संयुक्त राज्य अमेरिका र अन्तर्राष्ट्रिय साझेदारहरूको पहिचान गर्न’ निर्देशन दिनुभएको छ ।

प्रशासनले बाइडेनको सन् २०२४ को अमेरिकी विश्वव्यापी स्वास्थ्य सुरक्षा रणनीतिको समीक्षा र खारेज गर्ने योजना पनि घोषणा गरेको छ । उक्त रणनीति सङ्क्रामक रोगका खतराहरूलाई ‘सकेसम्म चाँडो’ रोक्न, पत्ता लगाउन र प्रतिक्रिया दिन डिजाइन गरिएको थियो ।

धेरै विज्ञहरूले अमेरिका फिर्ता भएकोमा चिन्ता व्यक्त गरेका छन् । “हामी डब्लुएचओलाई यसबाट टाढा गएर अझ प्रभावकारी बनाउन सक्दैनौँ”, बाराक ओबामाको नेतृत्वमा रहेका पूर्व वरिष्ठ स्वास्थ्य अधिकारी टम फ्रिडेनले एक्समा लेख्नुभएको छ, “फिर्ता हुने निर्णयले अमेरिकाको प्रभाव कमजोर बनाउँछ, घातक महामारीको जोखिम बढाउँछ र हामी सबैलाई कम सुरक्षित बनाउँछ ।”

अन्यले सङ्गठनबाट फिर्ता हुँदा संयुक्त राज्य अमेरिकाले महत्त्वपूर्ण महामारी निगरानी डाटामा विशेषाधिकार प्राप्त पहुँच गुमाउने हुनाले विदेशबाट आउने स्वास्थ्य खतराहरूको निगरानी र रोकथाम गर्ने क्षमतालाई हानि पुऱ्याउन सक्ने चेतावनी दिएका छन् ।

“खोपहरू प्राप्त गर्ने पहिलो हुनुको सट्टा हामी लाइनको पछाडि हुनेछौँ”, जर्जटाउन विश्वविद्यालयका जनस्वास्थ्य कानूनका प्राध्यापक लरेन्स गोस्टिनले एक्समा लेख्नुभयो, “डब्लुएचओबाट फिर्ता हुनाले अमेरिकी सुरक्षा र नवप्रवर्तनमा हाम्रो प्रतिस्पर्धात्मक धारमा गहिरो घाउ पार्छ ।”

## प्रधानमन्त्री कप महिला क्रिकेट : आर्मीको दोस्रो जित, कोशी पराजित

फाप्ला । प्रधानमन्त्री कप टी-२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले दोस्रो जित निकालेको छ ।

धनगढीस्थित फाप्ला क्रिकेट मैदानमा मंगलबार भएको खेलमा आर्मीले कोशी प्रदेशलाई ९ विकेटले हराएको हो । जितसँगै आर्मी क्लब सुपर फोर नजिक पुगेको छ ।



टस हारेर पहिला ब्याटिङ गरेको कोशीले सात ओभरमा पाँच विकेटको क्षतिमा ३६ रन बनायो ।

उसका लागि स्मृति कटुवालले १४ रन बनाउनुबाहेक अन्यले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । बाक्लो हुस्सुका कारण निर्धारित समयभन्दा ढिला सुरू हुँदा खेल २० ओभरबाट सात मा झारिएको थियो ।

बबलिङतर्फ आर्मीका लागि प्लेयर अफ दी म्याच समेत भएकी ममता चौधरीले तीन तथा सुस्मिता भुसालले दुई लिइन् ।

आर्मी क्लबले ३७ रनको विजयी लक्ष्य ६ दशमलव २ ओभरमा एक विकेटको क्षतिमा पूरा गऱ्यो । उसका लागि सम्झना खड्काले अविजित ३२ रनको पारी खेलिन् ।

यही माघ १ गतेदेखि सुरू भएको प्रतियोगितामा नौ टोलीको सहभागीता रहेको छ । प्रतियोगिताको उपाधि जित्नेले रु पाँच लाख, दोस्रो हुनेले रु तीन लाख, प्लेयर अफ दी सिरिजलाई रु ५० हजार तथा उत्कृष्ट ब्याटर र उत्कृष्ट बलरलाई जनही रु २५ हजार पुरस्कार दिइनेछ ।रासस

## भारतीय सुरक्षा बलसँगको भिडन्तमा शीर्ष कमान्डरसहित १४ माओवादीको मृत्यु



एएफपी

रायपुर । भारतीय सुरक्षा बलले मङ्गलबार एकजना शीर्ष कमान्डरसहित कम्तीमा १४ जना माओवादी विद्रोहीलाई गोली हानेर मारेका छन् । गृहमन्त्रीले यसलाई हालैका लडाईंहरू मध्ये सबैभन्दा ठूलो भन्नुभएको छ ।

गृह मन्त्रालयले मारिएका कमान्डर जयराम वा चलपति भनेर चिनिने नेता भएको र उनको टाउकोमा एक लाख १५ हजार डलरको इनाम रहेको जनाएको छ ।

नयाँदिल्लीले दशकौँ लामो द्वन्द्व अन्त्य गर्ने प्रयासलाई तीव्र पारेको छ ।

भारतको छत्तीसगढ राज्यको जङ्गलमा रहेका छापामारहरूको गढमा जनवरी १६ मा १२ जना माओवादी मारिएपछि मङ्गलबारको झडप भएको हो ।

भारतको स्रोत सम्पन्न मध्य क्षेत्रमा सीमान्तकृत जनताको अधिकारका लागि लड्दै आएका विद्रोहीहरूले गरेको दशकौँ लामो विद्रोहमा १० हजारभन्दा बढी मानिसको मृत्यु भएको छ। सरकारी तथ्याङ्कअनुसार सन् २०२४ मा करिब २८७ विद्रोही मारिएका थिए ।

नक्सलाइट भनेर पनि चिनिने विद्रोहीहरू चिनियाँ क्रान्तिकारी नेता माओ त्से तुङबाट प्रेरित थिए । नक्सलाइट सन् १९६७ मा उनीहरूको सशस्त्र अभियान सुरु भएको जिल्लाको नामबाट राखिएको हो । “नक्सलवादलाई अर्को ठूलो झट्का”, गृहमन्त्री अमित शाहले १४ विद्रोहीलाई ‘समाप्त’ बनाएको पुष्टि गर्दै विज्ञप्तिमा भन्नुभयो ।

विद्रोहीहरूलाई परास्त गर्न सन् २०२६ मार्चको समयसीमा तय गर्नुभएका शाहले ‘नक्सलवादले अन्तिम सास फेरिरहेको’ बताउनुभयो ।

यस क्षेत्रमा अतिरिक्त बल पठाइएको प्रहरीले जनाएको छ । “सुरक्षा बल अझै जङ्गलभित्र छ”, छत्तीसगढको माओवादी विरोधी अभियानका प्रमुख विवेकानन्द सिन्हाले भन्नुभयो ।

माओवादीहरूले स्थानीय बासिन्दाहरूका लागि जग्गा, रोजगारी र यस क्षेत्रको अपार प्राकृतिक स्रोतको हिस्सा माग गर्दै आएका छन् ।

उनीहरूले भारतको पूर्व र दक्षिणका विभिन्न दुर्गम समुदायहरूमा प्रवेश गरे र सन् २००० को सुरुआतसम्म आन्दोलन शक्ति र सङ्ख्यामा बढ्दै गयो । त्यसपछि नयाँदिल्लीले ‘रेड करिडोर’ भनिने क्षेत्रमा हजारौँ सैनिक तैनाथ गर्यो ।

यस द्वन्द्वमा सरकारी बलमाथि पनि धेरै घातक आक्रमणहरू भएका छन् । यस महिना सडक किनारमा भएको बम विस्फोटमा कम्तीमा नौ जना भारतीय सैनिकको मृत्यु भएको छ ।

## ट्रम्प गाजा सम्झौता कायम रहने विषयमा ‘विश्वस्त हुनुहुन्न’

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार आफ्नो शपथग्रहणअघि युद्धविरामका लागि गरिएको कूटनीतिको प्रशंसा गर्दै गाजामा युद्धविराम सम्झौता हुने कुरामा आफू विश्वस्त नभएको बताउनुभएको छ ।

“म विश्वस्त छैन”, ह्वाइट हाउस फर्किँदा एक पत्रकारले दुवै पक्षले युद्धविराम कायम राख्ने र सम्झौतामा अघि बढ्ने बारे सोध्दा उहाँले भन्नुभयो, “यो हाम्रो युद्ध होइन; यो उनीहरूको युद्ध हो । तर म विश्वस्त छैन ।”

तथापि ट्रम्पले सन् २०२३ अक्टोबर ७ मा इजरायलमा भएको अभूतपूर्व आक्रमणबाट सुरु भएको युद्धमा हमास ‘कमजोर’ भएको विश्वास गरेको बताउनुभयो । “मैले गाजाको एउटा तस्विर हेरेँ”, उहाँले भन्नुभयो, “गाजा एक विशाल विध्वंस स्थल जस्तै छ ।”

सम्पत्ति व्यवसायीबाट लोकप्रिय राजनीतिज्ञ बन्नुभएका ट्रम्पले योजना अघि बढेमा गाजाले एक ‘अद्‌भुत’ पुनर्निर्माण देख्नसक्ने बताउनुभयो ।

“यो समुद्र किनारमा रहेको एक अद्‌भुत स्थान हो - उत्कृष्ट मौसम । तपाईंलाई थाहा छ, सबै कुरा राम्रो छ । यो जस्तो, केही सुन्दर कुराहरू त्यहाँ गर्न सकिन्छ”, उहाँले भन्नुभयो ।

# अलपत्र खानेपानी आयोजनाको काम पुनःसञ्चालन



सिरहा । लहान नगरपालिका-१६ स्थित तरेगणा गोविन्दपुरमा वर्षौंदेखि अलपत्र रहेको मखानेपानी आयोजनाको काम पुनःसञ्चालन भएको छ । आइतबारदेखि नगरप्रमुख महेश चौधरीको पहलकदमीमा खानेपानीको डिप बोरिङ जडानको सुरुआत भएको हो ।

अधुरो खानेपानी योजनाको काम सम्पन्न गर्न लहान नगरपालिका, वाटर एड, नेपाल खानेपानी संस्थानअन्तर्गत शाखा कार्यालय लहान र दलित जनकल्याण युवाक्लबको सहयोग तथा समन्वयमा सञ्चालित 'द विकन परियोजना'बाट रु ६० लाख लागतमा बोरिङ जडान सुरु गरिएको नगरप्रमुख चौधरीले जानकारी दिनुभयो। खानेपानीको अधुरो काम सञ्चालन भएसँगै अब यस भेगका नागरिक खानेपानीको अभावबाट चाँडै मुक्त हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

"वर्षौंदेखि अलपत्र खानेपानीका लागि लहान नगरपालिका-१६ र १७ का स्थानीयवासी सङ्घर्षरत थिए", नगरप्रमुख चौधरीले भन्नुभयो, "खानेपानीको समस्या समाधान हुनेतर्फ काम अगाडि बढेको छ । अब चाँडै यस भेगका नागरिकलाई खानेपानीको अभावबाट मुक्ति मिल्नेछ।"

परियोजनाले गरेका सर्भेअनुसार एक हजार ४१ घरधुरीमा खानेपानी धारा जडान हुनेछ भने आठ हजार तीन सय ९४ स्थानीय लाभान्वित हुने खानेपानी संस्थान लहान शाखाका वितरण महाशाखा प्रमुख लट्टप्रसाद यादवले जानकारी दिनुभयो । उहाँका अनुसार दुई लाख २५ लिटर क्षमताको पानी भण्डारण गर्न ओभरहेड ट्याङ्क बनिसकेको छ।

यसअघि दुई वटा बोरिङ जडानका लागि 'बोरहोल' गरिएको थियो। नजिकै पोखरी हुँदा सुरुमा पानी देखिए पनि पछि पोखरी सुकेपछि बोरहोल असफल भई आयोजना अलपत्र परेको दलित जनकल्याण युवा क्लबका सामाजिक परिचालक एलिना हिङ्माङले जानकारी दिनुभयो । उहाँका अनुसार अहिले पहिलेकोभन्दा एक किलोमिटर बढी ठाउँ सारेर बोरहोलको काम भइरहेको छ।

लहान-१६ का वडाध्यक्ष गड्डुलबहादुर जर्घामगरले स्थानीयको समस्या बुझेर नगरप्रमुख चौधरीले खानेपानीको काम अगाडि बढाउनुभएको भन्दै आगामी दिनमा समस्या समाधान हुनेमा विश्वस्त रहेको बताउनुभयो । नगरको काममा वडाको सदैव समर्थन र सहयोग रहने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

## छ करोडको अदुवा बिक्री

त्रिवेणी । रूकुम-पश्चिमको त्रिवेणी गाउँपालिकामा यस वर्ष अदुवा उत्पादन वृद्धि भएसँगै मूल्य पनि बढेको छ। गत वर्षभन्दा यस वर्ष अदुवाखेती गर्ने किसानको संख्या घटे पनि उत्पादन वृद्धि भएको हो ।

यस वर्ष यहाँबाट करिब रू छ करोडको अदुवा बिक्री भएको त्रिवेणी गाउँपालिकाका कृषि शाखा प्रमुख रमेश पुनले जानकारी दिनुभयो। उहाँका अनुसार अदुवा बिक्रीबाट किसानले रू पाँच करोड ९२ लाख आम्दानी गरेका छन्। दश वटा वडा रहेको त्रिवेणीमा एक हजार नौ सय ५० परिवारले अदुवाखेती गर्दै आएका छन्।

प्रत्येक किसानले दुई रोपनीभन्दा बढी जग्गामा अदुवाखेती गर्दै आएका पुनले बताउनुभयो। पालिकाभर हाल एक सय ९५ हेक्टर जग्गामा अदुवा उत्पादन भइरहेको उहाँले जानकारी दिनुभयो।

कृषि शाखा प्रमुख पुनका अनुसार एक रोपनी क्षेत्रफलमा चार क्विन्टलभन्दा बढी अदुवा उत्पादन हुने गरेको छ। पालिकाभर यस वर्ष १५ हजार छ सय क्विन्टल अर्थात् १५ दशमलव छ मेट्रिकटन अदुवा उत्पादन भएको छ। किसानले प्रतिक्विन्टल रू तीन हजार आठ सयभन्दा बढी मूल्यमा अदुवा बिक्री गरेका उहाँले उल्लेख गर्नुभयो।

गत आर्थिक वर्षमा पालिकामा दुई हजार छ सय परिवारले अदुवाखेती गर्दै आएकामा यस वर्ष उक्त सङ्ख्या छ सय ५० ले घटेरको प्रमुख पुनले बताउनुभयो। व्यापारी गाउँमा पुगेर अदुवा खरिद गर्ने गरेकाले बजारको समस्या नरहेको गाउँपालिकाको कृषि शाखाले जनाएको छ।

व्यावसायिक रूपमा अदुवाखेती गर्दै आउनुभएका त्रिवेणी-४ खुम्चेरीका नरबहादुर खड्काले यस वर्ष अदुवा बिक्रीबाट रू एक लाख आम्दानी गरेको बताउनुभयो। बीस वर्षदेखि अदुवाखेतीमा लाग्नुभएका उहाँले निरन्तर खेती गर्दा मौसममा रू दुई लाखसम्म आम्दानी हुने जानकारी दिनुभयो।

त्रिवेणी-६ बाँठाकोटका कृषक कमलप्रसाद घर्तीले यस वर्ष अदुवा उत्पादन र मूल्य दुवै राम्रो पाएको बताउनुभयो। रासस

# तरकारी र फलफूलको मूल्य



काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले मङ्गलबार)का लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । मंगलबार गोलभैंडा ठूलो (भारतीय) प्रतिकेजी रु ७०, गोलभैंडा सानो (लोकल) प्रतिकेजी रु २५, गोलभैंडा सानो (भारतीय) प्रतिकेजी रु ३५, गोलभैंडा सानो (तराई) प्रतिकेजी रु ३५, आलु रातो प्रतिकेजी रु ४८, आलु रातो (भारतीय) प्रतिकेजी रु ४४, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७०, गाजर (लोकल) प्रतिकेजी रु ६०, गाजर (तराई) प्रतिकेजी रु ४०, बन्दा (लोकल) प्रतिकेजी रु २५, बन्दा (तराई) प्रतिकेजी रु २०, बन्दा (नरिवल) प्रतिकेजी रु १५, काउली स्थानीय प्रतिकेजी रु १५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु २५, काउली (तराई) प्रतिकेजी रु १५, मूला रातो प्रतिकेजी रु ३०, मूला सेतो (लोकल) प्रतिकेजी रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ४०, भन्टा डल्लो प्रतिकेजी रु ५० कायम भएको छ।

यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु ५०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ६०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ६०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ७०, टाटे सिमी प्रतिकेजी रु ५०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ७०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १२०, सखरखण्ड प्रतिकेजी ७०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु ९०, स्कूस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु २०, पालुङ्गो साग प्रतिकेजी ५०, चमसुरको साग रु ५०, तोरीको साग प्रतिकेजी रु ३०, मेथीको साग प्रतिकेजी रु ५०, प्याज हरियो प्रतिकेजी रु ५०, बकुला प्रतिकेजी रु ६०, तरुल प्रतिकेजी रु ९०, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु ३०० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ३०, चुकुन्दर प्रतिकेजी रु ८०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तोफु प्रतिकेजी रु १२०, गुन्द्रुक प्रतिकेजी रु ३०० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १५०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १२०, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १२०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ९०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १२०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किवी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ८०, लसुन हरियो प्रतिकेजी रु १००, हरियो धनिया प्रतिकेजी रु ३०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ४५०, रुख टमाटर प्रतिकेजी १५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ ।रासस

# मह बिक्रीबाट १८ करोड आम्दानी



लमजुङ । पहाडी जिल्ला लमजुङमा मह उत्पादन बढेको छ । गत वर्षको तुलनामा यस वर्ष २९ दशमलव छ टनले मह वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । कार्यालयका सूचना अधिकारी सरोज थापाका अनुसार यस वर्ष १७ हजार एक सय ९७ वटा मौरीका घारबाट एक सय २९ दशमलव १७ टन मह उत्पादन भएको छ।

जिल्लामा किसानले यस वर्ष रु एक हजार पाँच सयका दरले बिक्री गरेको बताएका छन् । जिल्लामा किसानले यस वर्ष मह बिक्रीबाट रु १८ करोड आम्दानी गरेको उहाँको भनाइ छ । यस्तै, गत वर्ष १३ हजार आठ सय ५० मौरीका घारबाट एक सय ११ दशमलव तीन टन मह उत्पादन भएको थियो । गत वर्ष प्रतिकिलो मह रु नौ सयदेखि एक हजारसम्ममा बिक्री भएको थियोभने मह बिक्रीबाट रु नौ करोडभन्दा बढी आम्दानी गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

विसं २०७९ मा १० हजार २५ मौरीका घारबाट ३२ टनमात्र मह उत्पादन भएको थियो। विसं २०७८ मा ११ हजार पाँच सय मौरीका घारबाट ३० टन मह उत्पादन भएको थियो। यस्तै २०७७ सालमा ११ हजार सयवटा मौरीका घारबाट ३८ टन मह उत्पादन भएको थियो । केन्द्रका अनुसार २०७६ सालमा नौ हजार पाँच सय मौरी घारबाट ३४ टन तथा २०७५ सालमा पाँच हजार नौ सय मौरीका घारबाट ३२ टन मह उत्पादन भएको थियो ।रासस

# आम्दानीको स्रोत बन्दै लप्सी



गण्डकी । उहिलेदेखि भन्दै आइएको 'हरियो वन नेपालको धन' भनाइलाई यहाँको एक सामुदायिक वनका उपभोक्ताले थप चरितार्थ गरेका छन् । कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका-३ लक्ष्मी देउरालीस्थित वनपाले सामुदायिक वन समूहले लप्सीबाट अतिरिक्त आम्दानी गर्दै हरियो वन नेपालको धन नै भएको पुष्टि गरेको हो ।

सामुदायिक वन क्षेत्रबाट काठ, घाँस दाउरा, जडीबुटीजस्ता वनजन्य वस्तु मात्र होइन, लप्सी फलको सदुपयोग गर्दै उत्पादन गरेका विभिन्न परिकारको बिक्रीबाट राम्रो आम्दानीको स्रोत बनाउन सकिन्छ भन्ने सो सामुदायिक वन यतिखेर सबैका लागि उदाहरणीय बनेको छ । वन र आसपास क्षेत्रमा उत्पादित लप्सीको फलबाट प्रशोधन गरी अचार, माडा, अमिलो र गुलियो स्वादको क्यान्डी तथा पाउडर निर्माण गरी बजारमा बिक्री गरेर वार्षिक डेढ लाखभन्दा बढी आम्दानी गर्दै आएको वनपाले सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष टीकाराम पौडेलले जानकारी दिनुभयो।

उपभोक्ताको सक्रियतामा करिब चार दशकअघि २०४२ सालमा तत्कालीन जिल्ला वन कार्यालयको आर्थिक सहयोगमा दुई सय लप्सीका बिरुवा रोपिएको बताउँदै उहाँले भन्नुभयो, "फल दिन थालेसँगै लप्सीका दाना बिक्री गरेको भए पनि समूहले १० वर्षदेखि विभिन्न परिकार उत्पादन गरी बिक्री गर्दै आएको छ।" अध्यक्ष पौडेलका अनुसार उत्पादित लप्सीका परिकार बिक्री हुँदैन कि भन्नु पर्दैन समूहको कार्यालयबाटै बिक्री हुन्छ, रोजगारीका सिलसिलामा विदेशमा रहेका अधिकांश नेपाली पुगेका मुलुकमा वनपाले सामुदायिक वनको लप्सीको अचार कोसेली बनेर पुग्ने गरेको छ।

सामुदायिक वन उपभोक्ता महासङ्घ कास्की हरियो वन कार्यक्रमको सहयोगमा सीप, ज्ञान र प्रविधिको सहयोग लिँदै लप्सीका विभिन्न चार प्रकारका वस्तु बनाउन सुरु गरिएको बताउँदै उहाँले भन्नुभयो, "खानामा दाल, भात, तरकारीको स्वाद अचार बिना पनि अपूरो जस्तै हुने हुँदा नेपाली समाजमा अचारको महत्व बढ्दै गएको छ।"

पुसदेखि फागुन महिनाभित्र लप्सी टिपिसक्नु पर्दछ र त्यसपछि समूहको भवनमा ल्याएको फलको प्रशोधनका लागि तीन चरणसम्म पानीले पखालेर बोक्रामा लागेको कालो ढुसी पखालिन्छ । सफा भएको लप्सी पकाउने र दाना फुटिसकेपछि बियाँ, बोक्रा र गुदी छुट्याइन्छ । बियाँ र गुदीमा तेल, मेथी, ज्वानो, बेसार, हिङ, जिम्मु, मुग्रेलोलगायत विभिन्न पदार्थसहित आवश्यकताअनुसारको नुन, चिनी मोलेर बट्टामा राखिन्छ।

यसरी खान तयार गरिएको लप्सीको अचार स्वादका साथै मानवीय स्वास्थ्यका लागिसमेत बहुउपयोगी हुने समूहको दाबी छ।

यस वर्ष लप्सी टिप्नदेखि अचारलगायत परिकार बनाउन समूहका एक सय १४ जना उपभोक्ता सहभागी बनेका थिए । आम्दानी भएको रकम खर्च कटाएर केही समूहको खाता र बाँकी लप्सीका परिकार उत्पादनमा सहभागी उपभोक्तालाई दामासाहीले वितरण गर्दै आएको उहाँको भनाइ छ।

गत जेठ महिनामा परेको असिनाले जङ्गलमा फलेको लप्सीको फल सबै झारेर नष्ट गरेपछि यस वर्ष वनमा लप्सी खासै उत्पादन नभएपछि निजी जग्गाका बोटबाटै प्रतिकेजी रु ५० का दरले खरिद गरेको वन उपभोक्ता समूहका कोषाध्यक्ष चुडामणि पौडेल बताउनुहुन्छ। जिल्ला घरेलु उद्योग कार्यालयमा लप्सी अचार उद्योग दर्ता गरिएको छ । "यस वर्ष पाँच सय ५५ केजी लप्सी फल खरिद गरिकामा दुई सय ९४ केजी अचार, साढे ४७ केजी क्यान्डी र १९ केजी लप्सीको बोक्राको धुलो उत्पादन भइसकेको छ," उहाँले भन्नुभयो, "अचार प्रतिकेजी तीन सय ५०, क्यान्डी चार सय र धुलो चार सय ५० रुपैयाँमा बिक्री गर्दै आएका छौँ, यस वर्ष डेढ लाख आम्दानी गर्ने लक्ष्य छ।

" प्रत्येक वर्ष फलबाट राम्रो आम्दानी गर्न सकिने, दाउरा र काठका रुपमा समेत प्रयोग गर्न सकिने बहुपयोगी लप्सी बाँदरले पनि खासै क्षति नपुऱ्याउने भएकाले किसानहरु यसतर्फ आकर्षित भएका हुन् ।

फलटिपेकोएकहप्तामाप्रशोधन गर्नु राम्रो हुन्छ। उत्पादित वस्तु एक वर्षसम्म प्रयोग गर्न सकिन्छ। विश्व वन्यजन्तु कोष (डब्लुडबलुएफ) हरियो वन कार्यालयको सहयोगमा पाँच वर्षअघि यस क्षेत्रमा रोपिएका तीन हजार लप्सीका बिरुवा फल दिने अवस्थामा पुगेका छन्। उन्नत जातका बिरुवाको फल टिप्न सहज हुनाका साथै अचार बिक्रीबाट मात्र वार्षिक १० लाखभन्दा बढी आम्दानी हुने समूहको विश्वास छ।

नेपाल सरकार र विभिन्न सङ्घसंस्थाको लाखौँ रुपैयाँको आर्थिक सहयोगमा लप्सीका परिकार बनाउन आवश्यक भौतिक संरचनासहित प्रशोधनका आधुनिक उपकरणले समूह सम्पन्न भएको बताउँदै कोषाध्यक्ष पौडेलले भन्नुभयो, "यस वर्ष डिभिजन वन कार्यालय कास्कीबाट सामग्री खरिद शीर्षकमा तीन लाख रुपैयाँ बजेट विनियोजन भएको छ । यस रकमबाट लप्सी बोक्रा सुकाउने सोलार प्यानल थप गर्ने योजना छ।"

> गत जेठ महिनामा परेको असिनाले जङ्गलमा फलेको लप्सीको फल सबै झारेर नष्ट गरेपछि यस वर्ष वनमा लप्सी खासै उत्पादन नभएपछि निजी जग्गाका बोटबाटै प्रतिकेजी रु ५० का दरले खरिद गरेको वन उपभोक्ता समूहका कोषाध्यक्ष चुडामणि पौडेल बताउनुहुन्छ ।

विभिन्न जिल्लाबाट वनपाले सामुदायिक वनको अध्ययन अवलोकन गर्न आउने गरेका छन्। एउटा समूहलाई प्रवेश शुल्कका रुपमा रु एक हजार लिने गरेको छ। यस आवमा समूहले नौ हजार आम्दानी भएको बताउँदै उहाँले तराईबाट आउने वन समूहका उपभोक्ताले लप्सीको परिकार बढी मन पराउने हुँदा बिक्री राम्रै हुन्छ । उत्पादन सामग्री एक र आधा केजीको प्याकिङ गरिएको छ । समूहले आम्दानीबाट चार लाखभन्दा बढी रुपैयाँको घुम्ती कोष स्थापना गरी विपन्न वर्गका उपभोक्तालाई आयआर्जनसँग जोड्ने मुख्य लक्ष्यका साथ बाख्रापालन, बेमौसमी तरकारीखेती, कुखुरापालन, बङ्गुरपालन तथा व्यापार व्यवसायमा समेत सहयोग पुऱ्याउँदै आएको छ। घुम्तीकोषको रकममा समेत निरन्तर वृद्धि भएको छ।

समूहका सदस्य मुक्तिराम पौडेलका अनुसार शीतभण्डार हुने हो भने बाह्रै महिना लप्सीको अचार उत्पादन गरेर बजारमा पठाउन सकिनेछ । यस क्षेत्रमा उत्पादन हुने लप्सीबाट विभिन्न वस्तु निर्माण गरी हरित रोजगारीको अवसर सिर्जनामा समेत सहयोग पुग्नेछ। देशका विभिन्न २९ पहाडी जिल्लामा लप्सी पाइन्छ । लप्सी काठ, दाउरा, घाँस र फलका लागि पनि उपयोगी वनस्पति हो । औषधीय गुणले भरिएको यसमा स्वस्थ शरीरका लागि आवश्यक २१ भन्दा बढी तत्व पाइने चिकित्सकको भनाइ छ। लप्सीमा भिटामिन र खनिज पर्याप्त पाइने र यसले मानिसको हड्डी बलियो बनाउने उनीहरु बताउँछन्।

प्रचुर सम्भावनाको खानी प्राकृतिक स्रोतको उपयोग गर्ने वातावरण सरकारी तबरबाट बनाउन नसक्दा खर्बौंको वन पैदावार कुहिएर र डढेर नष्ट हुने गरेको सामुदायिक वन उपभोक्ता महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष कालीदास सुवेदी बताउनुहुन्छ । वनमा आधारित उद्योगबाटै मुलुकको समृद्धि सम्भावना रहेको बताउँदै उहाँले यसबाट स्वरोजगार सिर्जना हुनाका साथै विदेशी काठ र काठजन्य सामग्री आयातलाई विस्थापित गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । समूहगत यस्ता उद्यमलाई आत्मनिर्भर बनाउने सरकारीस्तरबाट नीतिगत र आर्थिक सहयोगको खाँचो रहेको उहाँको भनाइ छ।

सामुदायिक वन उपभोक्ता महासङ्घ कास्की हरियो वन कार्यक्रमले लप्सीको बोक्रा सुकाउने सोलार, लेभलिङ मेसिन, लप्सी टिप्ने औजारलगायत नगदसमेत सहयोग गरेको थियो । वन डढेलो न्यूनीकरणका लागिसमेत समूहले सचेतीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। विदेशमा लप्सीको अचारको माग बढ्न थालेपछि यसको खेती नेपालका लागि आर्थिक रुपमा बहुयोगी बन्ने विश्वास लिइएको छ । वनको संरक्षण प्रवर्द्धन एवं विकासका दृष्टिले उत्कृष्ट बनेको यस वन समूहले नेपाल सरकारबाट गणेशमान सिंह वन वातावरण राष्ट्रिय पुरस्कार र जिल्लामा सर्वोत्कृट भई सम्मानित भइसकेको छ।

पोखरा-बागलुङ राजमार्गमा पर्ने सो सामुदायिक वनमा कटुस, चिलाउने, तिजुजस्ता कुकाठको झाडी रहेको छ।

कास्कीको उत्तर-पश्चिमस्थित लगभग एक हजार पाँच सय मिटरको उचाइमा अवस्थित १६ हेक्टर क्षेत्रफलमा फैलिएको सो सामुदायिक वन उपभोक्ता समूहमा एक सय ६९ घरपरिवार आबद्ध छन् । संरक्षण, प्रवर्द्धनमा महत्वपूर्ण योगदान गरेका उपभोक्ताका लागि वन पैदावारमा आधारित उद्योग स्थापना गरी सञ्चालनमा तीनै तहका सरकारले सहयोग गर्ने हो भने रोजगार सिर्जनासँगै मुलुकको समृद्धिको आधार बन्नसक्ने यस क्षेत्रका विज्ञको सामूहिक धारणा रहेको छ ।रासस


मधेश प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्या विकास निर्देशनालय

भेटेरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

धनुषा जनकपुरधाम

सिलवन्दी दरभाउपत्र स्वीकृतीको आशय सम्बन्धी सूचना

प्रकाशन मितिः २०८१/१०/०९

यस कार्यालय आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतको तपसिलमा उल्लेखित कार्यालय तथा आवाश भवनको मर्मत सम्भार कार्यका लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका दरभाउपत्रहरुमध्ये तपसिल बमोजिमका दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त दरभाउपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर समेत) |
|---|---|---|---|
| १ | VHLSEC/SQ01/2081-082/Works | Elite Design and Build Pvt. Ltd. Malangwa-08, Sarlahi | 10,65,010.97 |

# चिसोले जनजीवन कष्टकर, एकको मृत्यु



**टुडे समाचारदाता**

राजविराज । शीतलहर तथा बाक्लो हुस्सुका कारण बढेको चिसोले यहाँको जनजीवन कस्टकर बन्दै गएको बेला मंगलबार चिसोले कठ्यांग्रिएर एक जनाको मृत्यु भएको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ४ का ५५ वर्षीय भुटाइ साहको चिसोले मृत्यु भएको वडा कार्यालयले जनाएको छ । बिहान ७ बजेतर्फ ओछ्यानबाट उठेर शौचका लागि घर बाहिर निस्के लगत्तै साह ठण्डी लागेर बेहोस भइ लडेको र उपचारका लागि स्वास्थ्य चौकी लैजाँदै स्वास्थ्यकर्मीले मृत घोषित गरेको वडा अध्यक्ष मुनिलाल मुखियाले बताए ।

साहको चिसो कै कारण मृत्यु भएको स्वास्थ्यकर्मीहरुलाई उद्धृत गर्दै वडा अध्यक्ष मुखियाले बताए ।

केही दिन यता बिहानै देखि चल्ने शीतलहरले यहाँको जनजीवन नराम्ररी प्रभावित भएको छ । बाक्लो हुस्सु र निरन्तर चलिरहेको सिरेटोका कारण जाडो बढ्दा स्थानीयवासीको जनजीवन कष्टकर बनेको छ ।

यता टोल टोलमा दाउरा बालेर आगो ताप्नका लागि व्यवस्था स्थानीय तहले गरेको छ । चिसोबाट अति विपन्न, मुसहर र दैनिक ज्यालादारी गरेर गुजारा चलाउने परिवार सबैभन्दा बढी मारमा परेका छन् ।

अत्यधिक चिसोले बिहान काममा जान नपाउँदा हातमुख जोड्ने समस्या समेत आइपरेको महादेवा गाउँपालिका- ४ का ५५ वर्षीय रामफल सदाले जानकारी दिए । यता अत्यधिक चिसोका कारण यहाँका विभिन्न अस्पतालमा बिरामीको चाप समेत बढेको छ ।

# घरेलु तथा सामाजिक हिंसामा वृद्धि

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा घरेलु तथा सामाजिक हिंसामा उल्लेख्नीय वृद्धि भएको छ ।

जिल्लामा विभिन्न गैरसरकारी तथा सरकारीस्तरबाट लैंगिक समानताका लागि विभिन्न खाले हिंसाविरुद्धमा काम गरिरहँदा पनि घरेलु तथा सामाजिक हिंसामा वृद्धि हुनु दुःखद रहेको देखिन्छ ।

महिला, बालबालिका र बुजुर्गहरू प्रमुख रुपमा प्रभावित हुँदै आएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाको तथ्यांक अनुसार हिंसा मानसिक, शारीरिक, आर्थिक र यौन हिंसा स्वरुपमा हुने छ ।

धनुषा जिल्लामा २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को त्रि-वर्षीय विवरण अनुसार घरेलु हिंसाका घटनाहरूमा वृद्धि भएको देखिन्छ । २०७८/०७९ मा ८३५ उजुरी दर्ता हुँदा २०७९/०८० मा यो संख्या ८५३ पुगेको छ । २०८०/०८१ मा उजुरीको संख्या १ हजार २० मा पुगेको तथ्यांकमा उल्लेख छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले घरेलु हिंसाका प्रमुख कारणहरूमा आर्थिक असमानता, मादक पदार्थको सेवन र पारिवारिक संघर्ष रहेको जानकारी दिए ।




प्रहरी उपरीक्षक तिवारीले भने, 'यी घटनाहरू प्रायः महिलाहरू र बालबालिकाहरूसँग सम्बन्धित हुन्छन् । धनुषामा, घरेलु हिंसा प्रायः पतिसँगको शारीरिक र मानसिक दुर्व्यवहारको रूपमा देखा पर्दछ । महिलाहरूलाई शारीरिक र यौन दुर्व्यवहारका साथै मानसिक यातना पनि सहनु पर्छ । घरेलु हिंसा विभिन्न कारणहरूले उत्पन्न हुन सक्छ । जसमा पितृसत्तात्मक मानसिकता, असमानता, आर्थिक अवस्था र समाजिक दबाब प्रमुख कारण रहेको देखिएको छ ।'

धनुषामा घरेलु हिंसा सँगसँगै सामाजिक हिंसाका घटनाहरूमा समेत वृद्धि भएको देखिएको छ । जातीय भेदभाव, लिंग भेदभाव र शोषण हाम्रो समाजको एक प्रमुख चुनौती रहेको र यसले सामाजिक समरसता तथा शान्तिपूर्ण जीवनमा ठुलो असर पुऱ्याउने गरेको छ ।

धनुषा जिल्लामा ०७८/०७९ देखि २०८०/०८१ को अवधिमा सामाजिक हिंसामा पनि वृद्धि भएको देखिन्छ । जिल्ला प्रहरी कार्यालय धनुषा तथा मातहतका निकायमा आर्थिक वर्ष २०७८/०७९ मा ५६८ उजुरी दर्ता भएको थियो भने २०८०/०८१ मा ७८१ उजुरी दर्ता भएका छन् । यसबाट सामाजिक हिंसाका घटनाहरूको संख्या क्रमशः बढ्दै गएको तथ्यांकमा उल्लेख छ ।

त्यस्तै २०७८/०७९ मा ७२६ घटनामा मिलापत्र भएको र १३ घटना अदालत पुगेको थियो भने २०८०/०८१ मा ८९४ घटनामा मिलापत्र भएको र ३६ घटना अदालत पुगेको विवरणमा जनाइएको छ । तर अझै पनि धेरै घटनाहरूको समाधान अदालतसम्म पुगेको छैन ।

# घाइते भएका स्वास्थ्य मन्त्रीका लागि छानबिन समिति गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । एक सरकारी कार्यालयको गाडीले मन्त्री सवार गाडीको ठक्करबाट स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंह घाइते भएको सम्बन्धमा छानबिनका लागि एक समिति गठन गरिएको छ ।

सोमबार राति करिब जनकपुरधामस्थित रामानन्द चोकमा मन्त्री सिंह सवार मधेश प्रदेश ०२- ००१ झ ०१६५ नम्बरको गाडीमा प्र ०३-००१ झ ००९६ नम्बरको गाडीले ठक्कर दिएको थियो । सो ठक्करबाट घाइते भएपछि मन्त्री सिंहको उपचार प्रादेशिक अस्पताल जनकपुरमा भएको थियो ।

मन्त्री सिंहलाई अस्पतालमै पुगेर मुख्यमन्त्री सतीशकुमार सिंहले मन्त्रीको गाडीलाई ठक्कर दिइ घाइते बनाएको सम्बन्धमा छानबिन गर्न जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपीको नेतृत्वमा छानबिन समिति गठन गरेको जनाएका छन् ।

मन्त्री सिंहको गाडीमा ठक्कर दिने गाडी खानेपानी डिभिजन पर्साको रहेको धनुषाका प्रहरी प्रवक्ता डिएसपी बरुणबहादुर सिंहले बताए ।

धनुषा प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

# युवकको शव फेला, हत्याको आशंका

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा एक युवकको शव फेला परेको छ । उनको शव फेला परेपछि हत्याको आशंका गरिएको छ ।

जिल्लाको सोनमा गाउँपालिका-२ स्थित बस्तीछेउमा एक युवकको शव फेला परेको छ । मृतक युवक स्थानीय पूर्वगाविस अध्यक्ष गोखुल यादवका २९ वर्षीय छोरा ज्ञानु भनिने नरेन्द्र यादव रहेको महोत्तरी प्रहरीले जनाएको छ ।

शवको अवस्था हेर्दा प्रारम्भिक अनुसन्धानमा हत्याको आशंका गरिएको छ । शव अर्धनग्न अवस्थामा रहेको र गम्छाले घाँटी थिचिएको देखिएको छ । घटनास्थलमा डग टोलीको साथ प्रहरी टोली पुगेर अनुसन्धान गरिरहेको छ ।



जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट प्रहरी उपरीक्षक नकुल पोखरेलको नेतृत्वमा एक टोली घटनास्थल पुगेको हो । प्रहरी उपरीक्षक पोखरेलले पोस्टमार्टम रिपोर्ट र थप अनुसन्धानपछि घटनाको वास्तविकता खुल्ने बताए ।

महोत्तरी प्रहरीले घटनाको गम्भीरता र शवको प्रकृति अनुसार छानबिन अगाडि बढाइएको छ ।

# अर्थपूर्ण सहभागिताको तयारीमा प्रदेश सरकार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा आयोजना हुने ११ औं राष्ट्रिय खेलकुद प्रतियोगिता तथा १० औं राष्ट्रिय प्रतियोगितामा प्रदेशबाट सहभागी हुने खेलका सन्दर्भमा प्रदेश सरकारले छलफलसंगै तयारी थालेको छ ।




मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्रालयको आयोजनामा जनकपुरधाममा मंगलबार प्रदेश भरिका खेलाडी, प्रशिक्षक तथा खेलका अगुवाहरूसँग तयारी गर्नुपर्ने विषयमा छलफल गरेको छ ।

मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले निकट भविष्यमा हुन लागेको १० औं राष्ट्रिय खेलकुद प्रतियोगितामा मधेश प्रदेशको अर्थपूर्ण सहभागिता र आगामी ११ औं खेलकुदको तयारीका विषयमा छलफल गर्नका लागि कार्यक्रमको आयोजना गरिएको बताए ।

मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्रालयका सचिव चूडामणि फुयाँलले मधेश प्रदेश सरकारले प्रदेशमा खेलकुदको वातावरण निर्माण गर्न तथा खेलाडीको मनोबल बढाउनका लागि दृढतापूर्वक अगाडि बढेको बताए ।

# हरेक पालिकामा हुलाक कार्यालय स्थापना

**टुडे समाचारदाता**

राजविराज । सरकारको 'एक पालिका, एक हुलाक' अवधारणा अन्तर्गत सप्तरी जिल्लाको पालिकाहरूमा हुलाक कार्यालय स्थापना गरिएको छ । सप्तरी जिल्लामा ९ नगरपालिका र ९ गाउँपालिका गरी १८ वटा पालिका छ ।

जिल्ला हुलाक कार्यालय सप्तरीका कार्यालय प्रमुख पुरुषोत्तमकुमार साहले सप्तरी जिल्लामा १८ वटै पालिकामा हुलाक कार्यालय स्थापना भइसकेको जानकारी दिए । उनले राजविराज नगरपालिकामा जिल्ला हुलाक कार्यालय नै रहेको तथा जिल्लाको अन्य १७ वटै पालिकामा हुलाक कार्यालय स्थापना भएको बताए ।

सरकारले हरेक पालिकामा हुलाक कार्यालय स्थापना गरी सेवा सञ्चालन गर्ने नीति बमोजिम कार्यालय सञ्चालनमा ल्याइएको कार्यालय प्रमुख साहले बताए । उनले जिल्लाका सबै पालिकामा




हुलाक कार्यालय स्थापना गरी सञ्चालनमा ल्याएको बताउनुहुँदै पालिकाहरूको विभिन्न ठाउँमा पठाइने चिठीपत्र अब हुलाकले बोक्ने बताए ।

सूचना प्रविधि र यातायातको विकास नभएको अवस्थामा समेत सर्वसुलभ रूपमा हुलाकले योगदान पुऱ्याएको बताउँदै सूचना प्रविधिको विकाससँगै हुलाक सेवाले पनि आफ्नो कामलाई सोही अनुसार अगाडि बढाएको बताए ।

कार्यालयमा विभिन्न पत्राचार गर्न, पार्सल सेवा, सरकारी सूचना आदानप्रदानका सुविधा प्रदानलगायत अन्य सुविधा प्रदानमा हुलाकबाट सहजता आउने बताउँदै उनले सरकारको निर्णय कार्यान्वयन भइरहेको बताए ।

हुलाक कार्यालयले अहिले लोककल्याणकारी प्राप्त गरेका पत्रपत्रिकाहरूको भुक्तानीसहित आन्तरिक तथा वैदेशिक पुलिन्दा, बचत बैंक, धनादेश, बिमा, आन्तरिक-वैदेशिक द्रुत डाँक, अनलाइन पोस्ट, मनी ट्रान्सफर, डाँक टिकटलगायत सेवाहरू दिने गरेको छ ।

# राष्ट्रिय मुक्ति पार्टी नेपाल दर्ता

**टुडे समाचारदाता**

काठमाण्डु । राजेन्द्र महतो नेतृत्वको 'राष्ट्रिय मुक्ति पार्टी नेपाल' नामक राजनीतिक



दल दर्ता भएको छ । निर्वाचन आयोगले महतो अध्यक्ष रहेको पार्टीलाई दल दर्ताको प्रमाणपत्र दिएको छ ।

राष्ट्रिय मुक्ति पार्टी नेपालको चुनाव चिन्ह ग्याँस सिलिण्डर प्रदान गरिएको छ भने गाढा निलो रंगको आयाताकार झण्डाको मध्य भागमा तीर धनुष रहने गरी झण्डा समेत प्रदान गरिएको अधयक्ष महतोले जानकारी दिए ।

दलको दर्ता नं. २०१ कायम भएको छ । स्वदेशवाद, बहुलरष्ट्रवाद र सामुदायिक समाजवादको मार्ग निर्देशक सिद्धांत बमोजिम पार्टी आगाडि बढ्ने भएकोले आम जनतालाई यस पार्टीको सदस्यता ग्रहण गरी सक्रियता साथ पार्टीमा लाग्न उनले आग्रहसमेत गरेका छन् ।

## नेसपाका सह-महासचिव पासवानले दिए राजीनामा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल सद्भावना पार्टीका केन्द्रीय सह-महासचिव वैद्यनाथ पासवानले राजीनामा दिएका छन् ।

घरायसी तथा व्यक्तिगत कारण देखाउँदै उनले नेसपाबाट राजीनामा दिएका छन् । नेसपाको २०८१ मंसिर १ गतेदेखि ३ गतेसम्म सम्पन्न भएको सातौं राष्ट्रिय महाधिवेशनले केन्द्रीय सह-महासचिवमा निर्वाचित गरेको थियो ।

हाल पार्टीको राजनीमाको घोषणा गरेको उनले बताए । घरायसी कामको समस्याको कारण आफूले पार्टीले दिएको जिम्मेवारी पूरा गर्न नसक्ने भएकोले राजीनामा दिएको उनले स्पष्ट पारे । नेता पासवानले भने, 'हाल पार्टीको सह-महासचिव पदबाट राजीनामाको घोषणा गर्छु । घरायसी कामको समस्याको कारण स्वयम् पार्टीले दिएको जिम्मेवारी पूरा गर्न सकिदैन ।'

# जनमतले बोलायो केन्द्रीय समिति बैठक

**टुडे समाचारदाता**

काठमाण्डु । जनमत पार्टीले केन्द्रीय समितिको बैठक आगामी फागुन मसान्तमा बस्ने भएको छ ।

आगामी फागुन २५ र २६ गते बस्ने गरी केन्द्रीय समितिको बैठक बोलाइएको केन्द्रीय सचिवालय प्रमुख राजेशकुमार मण्डलले जानकारी दिए ।

उनले बैठकको बस्ने स्थान तय हुन बाँकी रहेको बताए । जनमतको केन्द्रीय समिति बैठकअघि आगामी शुक्रबार केन्द्रीय कार्यकारिणी समिति भर्चुअल माध्यबाट बस्ने र शनिबार पार्टीबाट निर्वाचित वडाध्यक्ष, पालिका अध्यक्ष,




प्रमुख, उपाध्यक्षको बैठक भौतिक उपस्थितिमा हुने उनले बताए ।

बैठक केन्द्रीय कार्यालय काठमाण्डुमै बस्ने भएको छ ।

भौतिक उपस्थितिमा केन्द्रीय समितिको पूर्ण बैठक बस्नुअघि आइतबार भर्चुअल माध्यमबाट बैठक बस्ने मण्डलको भनाइ छ ।

# भन्सार छलेर ल्याइएका किराना सामग्रीसहित अटो नियन्त्रण

**टुडे समाचारदाता**

राजविराज । भारतबाट भन्सार छलेर अवैधरुपमा अटोमा राखेर ल्याउँदै गरेको किराना सामग्रीसहित सप्तरी प्रहरीले अटो नियन्त्रणमा लिएको छ ।

राजविराज नगपालिका-७ स्थित मंगलबार राममन्दिर नजिकको सडक खण्डमा प्रहरीले चेकजाँचको क्रममा भन्सार छलीका किराना सामग्री र अटो नियन्त्रणमा लिएको छ ।

अटोसहित बरामद सामग्रीको ४ लाख ३६ हजार ४ सय ३० रुपैयाँ मूल्यांकन गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

मंगलगवार विहान ९ बजेतर्फ प्रदेश २-०१-००१ह००७८ नम्बरको अटो रिक्शाबाट जेकजाँचको क्रममा तेल, घ्यु, मसाला, पापडलगायतका किराना



समान भारतबाट भन्सार छली ल्याइएपछि नियन्त्रणमा लिएको उनको भनाइ छ ।

सो सामग्री ल्याउने अटो चालक ३२ वर्षीय सप्तरीको छिन्नमस्ता गाउँपालिका- ४ स्थित कोचाबखारी टोल वस्ने राजकुमार साहलाई समेत नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिए ।

सप्तरीको छिन्नमस्ता, तिलाठी कोइलाडी, बलानविहुल लगायतका नाकाबाट तस्करी बढेको सुचना आएपछि अहिले प्रहरीले ती नाकाहरुमा निगरानी बढाउनुका साथै चेक जाँचमा कडाई गरेको छ ।

बरामद सरसमान र चालकलाई आवश्यक कारवाहीका लागी मंगलबार नै तिलाठी कोइलाडी गाउँपालिकास्थित राजविराज भन्सार कार्यालय चलान गरिएको प्रहरीले जनाएको छ ।

**विज्ञापन व्यवसाय संचालन गर्दा ध्यान दिनुपर्ने कुराहरू**

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन वोर्डमा सुचीकरण गरौं,
- विज्ञापन वोर्डमा सुचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसंग मात्र विज्ञापनको कारोबार गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं,
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यम बीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं,
- सञ्चारमाध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बीलबाट मात्र विज्ञापनको भुक्तानी गरौं,
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं**. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८